# सम विकास केन्द्र (ईडिसी) नेपालको

## वार्षिक प्रगती प्रतिवेदन २०८०




**२०७९ श्रावण देखि २०८० आषाढ सम्म**

**सम विकास केन्द्र (ईडिसी) नेपाल**

**डोटी सिलगढी**


**फोन नं ०९४ ४११०५०**

ईमेलः **edcnepal2053@gmail.com**

**Web: www.edcdoti.org.np**

# बार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०७९/०८०

## सम विकास केन्द्र EDC नेपाल डोटी

**Equality Development Center Nepal (EDC-Nepal) Doti**


Central Office

**सुदुर पश्चिम प्रदेश डोटी जिल्ला**

**दिपायल सिलगढी नगरपालिका वडा नं. ५ सिलगढी,**

इमेल : edcnepal2053@gmail.com

फेसवुक : EDC Nepal

वइभ : edc.doti.org.com

# प्रकाशकीय

**बार्षिक प्रगति प्रतिवेदन २०७९/२०८०**

**सल्लाहकार**

अधिराज वि.सी.

रस्मी गहतराज

बवी कुमार वि.सी.

जय बहादुर शाही

**सम्पादन तथा लेखन**

महेश त्रिखत्री

**सम्पादक मण्डल**

नरेन्द्र वि.क.
टेक बहादुर नेपाली
पदम मिजार
रमा भण्डारी
शंकर नेपाली

**वित्त व्यबस्थापन**

कृष्णसुन्दर श्रेष्ठ
जोग बहादुर पार्की

**प्रकाशक**

सम विकास केन्द्र EDC नेपाल डोटी

**प्रकाशन सहयोग**

एक्सनएड नेपाल

डिसिए नेपाल

**मुद्रण :**

## अध्यक्षको तर्फवाट

सामाजिक अधिकार तथा न्यायपुर्ण समाजका लागी क्रियाशिल यो संस्थाले विगत दुई दशक अघि देखी सामाजिक न्याय र सामुदायिक विकासका क्षेत्रमा मानव अधिकारमुखी अवधारणामा आधारित रही अधिकारवाला वर्ग र समुदायको अधिकारका लागी अधिकारमुखी अभियान तथा आयआर्जनमुलक कार्यलाई एकिकृत कार्यक्रमकका रुपमा विभिन्न कार्यक्रम र परियोजना संचालन गर्दै आएको छ । दलित, महिला, सिमान्कृत विपन्न समुदाय, मुक्तहलिया, जोखिमका रहेका बालबालिका र युवाहहरुको अधिकारमा केन्द्रीत परियोजना तथा कार्यक्रमले अधिकारवाला वर्ग र समुदायको , हक अधिकारका क्षेत्रमा महत्वपुर्ण योगदान पु¥याएको छ ।

अधिकारवाला समुदायको सामाजिक, आर्थिक, राजनैतिक, शिक्षा, स्वास्थ्य अधिकारको प्रवर्द्धन तथा उनिहरुको जीवन स्तरमा सुधार ल्याउन स्थानीय समुदायको आवश्यकता, अधिकार र प्रमुख समस्याको पहिचान गरि स्थानीय सरकार संगको समन्वय र सहकार्यमा आवश्यकतामा आधारित क्रियाकलाप तथा योजना लगायत अभियानहरु संचालन भएका छन । सामाजिक परिवर्तन तथा परिवर्तनका वाहक युवाशक्तिको उचित परिचालन र प्रयोगले सामाजिक न्यायको अभियानलाई प्रभावकारी वनाउन सकिन्छ भन्ने मान्यता स्वरुप युवा परिचालन नीतिलाई संस्थाका विभिन्न कार्यक्रम र गतिविधिहरुमा आत्मासात गरि युवा संजाल मार्फत परिचालन गरि रहेको छ ।

संस्थाको परिकल्पना, लक्ष्य र उद्देश्य प्राप्ती तथा नेपाल सरकारको नीति र कार्यक्रमलाई योगदान पु¥याउन संस्थाले संस्थागत विकास, सामाजिक न्याय, गरिवी न्यूनिकरण, सुशासन प्रवर्द्धन लगायत मुक्त हलियाको पुर्नस्थापनाका लागी स्थानीय तहको नीतिगत सुधारमा सहजीकरणलाई प्रभावकारी वनाईएको छ । विभिन्न चुनौति र समस्याका वावजुद यस बर्ष २०७९/०८० मा संस्थाले सहयोगी संस्थाको आर्थिक तथा प्राविधिक सहयोग, स्थानीय तह, सरकारी कार्यालय लगायत जिल्ला अस्पताल डोटीको सहयोग र सहकार्यलाई सुदृढ वनाई संस्थाका अपेक्षित उपलब्धि प्राप्तीमा योजना वमोजिम कार्य संचालन गरिएको छ । ति उपलब्धि, सिकाई र अनुभवलाई संगाल्दै समुदाय र व्यक्तिमा आएको परिवर्तन, संस्थागत सिकाई तथा अनुभवलाई समेटी सिकाई अभिलेखीकरणका रुपमा प्रस्तुत गर्न संस्थाले बार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्ने जर्मको गरेको सबैमा निवेदन गर्दछु ।

तषर्थः संस्थालाई विश्वास गरि निरन्तर रुपमा साथ दिने अधिकारवाला समुदाय, संस्थाको लक्ष्य र उद्देश्य प्राप्तीका लागी क्रियाशिल संस्थाका पदाधिकारी, सदस्यहरु, अहोरात्र खट्टीने कर्मचारी मित्रहरु, विभिन्न उपसमितिका सदस्य तथा स्वयंसेवकहरु, संस्थालाई यहा“ सम्म ल्याई पु¥याउन सहयोग गर्नु हुने एक्सनएड नेपाल, डिसिए, केयर नेपाल र एनसेट नेपालका प्रमुख तथा टिमका अग्रजहरुमा हार्दिक आभार प्रकट गर्दै धन्यबाद ज्ञापन गर्दछु ।

**अतः** यो बार्षिक प्रगति प्रतिवेदन प्रकाशन लाई सम्पादन तथा अन्तिम रुप दिन सहयोग गर्नु हुने संस्थाका कार्यकारी निर्देशक महेश त्रिखत्री, टिमका सबै मित्रहरु लगायत प्रतिवेदन प्रकाशनका लागी आर्थिक सहयोग गर्ने एक्सनएड नेपाल र डिसिए परिवार प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तर सहयोगको अपेक्षा गरेको छु ।

धन्यबाद ।

# सम विकास केन्द्रको वार्षिक प्रगति प्रतिवेदन २०८०

**कार्यकारी सारांश:**

सम विकास केन्द्र नेपाल विधमान सामाजिक विभेद, मानव अधिकारको हनन, असमानता, अन्याय र कुशासनका विरुद्ध क्रियाशिल सामाजिक विकास संस्था हो । समतामुलक समाजको निर्माण, हाम्रो अभियान भन्ने मुल नारालाई साकार पार्न यस संस्थाले परिवेश बमोजिम आफना गतिविधी, क्रियाकलाप लगायत नीति, कार्यनितिहरुलाई परिमार्जन गर्दै अधिकारमुखी विकासका कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ । मुलुकमा संघीय शासन प्रणालि लागु भएपछि, यस संस्थाले स्थानिय सरकार र सरकारका विभिन्न विषयगत निकायहरुसग समधुर सम्बन्ध, समन्वय र सहकार्य गर्दै अधिकारवालाहरुको सामाजिक विकास, जातीय तथा लैंगिक समानता, सामाजिक समावेशीकरण, जवाफदेहिता, पारदर्शिता र सुशासन, दलित महिलाहरुको राजनीतिक नेतृत्व विकास र आर्थिक सशक्तिकरणका क्षेत्रमा यो संस्था केन्द्रित छ ।

खासगरी समाजमा पछाडी पारिएका दलित, महिला तथा सिमान्तकृत समुदायको हक अधिकार, स्वतन्त्रता र उनिहरुको सामाजिक, आर्थिक, राजनैतिक र साँस्कृतिक हैसियतमा परिवर्तन ल्याई "सुखी नेपाली, सम्बृद्ध नेपाल" भन्ने नेपाल सरकारको मुल नारा र दीगो विकासका लक्ष्यहरुलाई योगदान पुरयाउन प्रतिवद्ध यस संस्थाले संस्थाको संस्थागत विकासको साथसाथै स्थानिय स्तरका विभिन्न समुह, संगठनमा आवद्ध अधिकारवालाहरुलाई केन्द्रमा राखि कार्यक्रमको योजना निर्माण, कार्यान्वयन र अनुगमन मुल्यांकन गर्ने र विभिन्न समयमा अधिकारवाला र सरोकारवालाहरुको सहभागितामा उपलब्धि र प्रभावहरुको अवलोकन, समिक्षा, अनुभव आदानप्रदान गर्दै स्थानिय सरकारको समन्वय र सहकार्यमा कार्यक्रमहरुलाई प्रभावकारी बनाउदै आएको छ ।

दलित, महिला, विपन्न, वालवालिका, अपांगता भएका ब्यक्ति, सिमान्तकृत एंव पछाडी पारिएका वर्ग समुदायहरुको सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक, शैक्षिक, स्वास्थ्य तथा सरसफाई, वातावरण एवं लैंगिक न्याय क्षेत्रको विकास गरी उनिहरुको जीवनस्तरमा सुधार गर्ने मुख्य लक्ष्य बोकेको यस संस्थाले आ.व. २०७९/८० मा महिला सशक्तिकरण, श्रमिक महिलाहरुको संगठन निर्माण र उनिहरुको हक अधिकारमा आधारित अभियान, महिला अधिकार, सामाजिक जवाफदेहिता र सुशासन, भुकम्प पिडितहरु लाई मानविय सहयोग, गुणस्तरिय शिक्षा, लैंगिक सम्वेदनशिल नीति निर्माण र संस्थागत सुदृढीकरण जस्ता सवालहरुलाई लक्षित गरि विभिन्न अभियान तथा कार्यक्रमहरु संचालन गरेको थियो ।

एक्शनएड नेपाल, डेनचर्सएड, यूरोपियन यूनियन, केयर नेपाल, ईनसेट जस्ता राष्ट्रिय तथा अन्तराष्ट्रीय संस्थाहरु र स्थानिय सरकारको साझेदारी र सहकार्यमा संचालित स्थानिय अधिकार कार्यक्रम, परिवर्तन परियोजना, पहुँच परियोजना, द महिला नेटवर्क परियोजना, डोटी भुकम्प प्रतिकार्य परियोजना र कृषिमा आधारित बधुँवा श्रमको अन्त्य परियोजनाले दिपायल सिलगढी नगरपालिका, शिखर नगरपालिका, केआईसिंह गाउँपालिका, जोरायल गाँउपालिका, पूर्विचौकी गाउँपालिका र सायल गाउँपालिकाका वडाहरुमा गठित सुशासन पाठशाला, रिफलेक्ट सर्कल, छलफल चौतारी, महिला अधिकार मञ्च/संजाल, यूवा संजाल तथा किसोरी समुह, कृषिमा आधारित बधुँवा मजदुर हलिया समुह, र श्रमिक महिलाहरुको समुहमा आवद्ध १९,१५८ घरपरिवार प्रत्यक्ष लाभान्वित भएका छन जसमा ७८ प्रतिशत महिला र ४३ प्रतिशत दलित समुदाय रहेको छ ।

मानव अधिकार, सामाजिक न्याय र सुशासनका लागि गरिवी, अन्याय, असमान शक्ती संरचना र जातिय तथा लैगिक विभेद विरुद्ध संचालन गरिएका विभिन्न कार्यक्रम तथा अभियानहरुले यसवर्ष सामाजिक साँस्कृतिक परिवर्तन, लक्षित समुदायको आर्थिक सुधार, राजनितक नेतृत्व तथा स्रोतमा पहुँच, लैंगिक सम्वेदनशिल र मुक्त हलिया पुनरस्थापना नीति निर्माण, वालवालिकाहरुको गुणस्तरिय शिक्षा, महिला तथा किसोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य र जलवायू परिवर्तन तथा संकटासन्न समुदायको मानविय सहयोगको क्षेत्रमा मात्र नभएर दीगो विकासका लक्ष्यहरुमा समेत योगदान पुर्याउन सफल भएको छ । खासगरी दोहोरो शोषणमा परेका दलित महिला एकल महिला र गरिवीको चक्रमा फसेका महिलाहरुलाई एकत्रित गर्दै सशक्तिकण र परिचालनको माध्यबाट बढेको उनिहरुको आत्मवल आत्मविश्वास र स्थानिय सरकार तथा नागरिक समाज संस्थाहरुको सहकार्यले समाजमा ब्याप्त सामाजिक हानिकार अभ्यासहरुमा आएको कमि सम्पति र स्रोतमा महिलाहरुको पहुँच बृद्धि समान कामको समान ज्याला दीगो आयआर्जनका लागि महिलाहरुले संचालन गरेका

ब्यबशाय तथा कृषिमुलक कार्य नागरिक समाजहरुको पहलमा स्थानिय सरकारले निर्माण र कार्यान्वयन गरेका नीति (जस्तै, रेफरल गाईडलाईन छाउपढी उन्मुलन कार्यविधि मुक्त हलिया पुनरस्थापना कार्यविधि ओसिएमसी कार्यविधि आदी) र स्थानिय सरकारले महिला दलित अपागता भएका ब्यक्ति र विपन्न समुदायको पक्षमा ल्याएको नीति तथा कार्यक्रम र महिलाको कार्यबोझमा कमी ल्याउन स्थानिय सरकारको सहकार्य र भुकम्प प्रभावितहरुलाई गरिएको मानविय सहयोगलाई यसवर्षको प्रमुख उपलब्धिको रुपमा लिन सकिन्छ । यसर्थ संस्थाको लक्ष्य, उद्धेश्य बमोजिम माथि उल्लेख गरिएका मुख्य मुख्य उपलब्धि र परिवर्तन सिकाई र आगामि कार्यहरुलाई समष्टिगत रुपमा उल्लेख गरी यो वार्षिक प्रतिवेदन २०८० तयार गरिएको हो ।

**संस्थाको परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्यहरूः** (Introduction to the NGO's Vision, mission Goal and objectives)

क) संस्थाको परिकल्पनाः सामाजिक न्याय समानतामा आधारित शान्ति र छुवाछुत रहित समतामुलक समाजको निर्माण यस संस्थाको परिकल्पना रहेको छ ।

ख) ध्येयः दलित, महिला, सिमान्तकृत तथा पछाढी पारिएका वर्गहरुको सशक्तिकरण, सम्मानजनक जीवनयापन, नागरिक अधिकार, सामाजिक न्याय र समताका लागि न्यायपुर्ण समाजको निर्माण गर्ने ।

ग) लक्ष्यः दलित, महिला, विपन्न, वालवालिका, अपांगता भएका ब्यक्ति, सिमान्तकृत एंव पछाडी पारिएका वर्ग समुदायहरुको सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक, शैक्षिक, स्वास्थ्य तथा सरसफाई, वातावरण एवं लैंगिक न्याय क्षेत्रको विकास गरी उनिहरुको जीवनस्तरमा सुधार गर्ने ।

घ) उद्धेश्यः

I. मानव अधिकार र सामाजिक न्याय सुनिश्चितताको लागि महिला तथा वालवालिका दलित एवं पछाडी पारिएका सिमान्तकृतहरुलाई संगठित र सशक्त गरी एकिकृत आन्दोलनमुखी अभियानका कार्यक्रमहरु संचालन गर्ने ।
II. दलित विपन्न वर्ग समुदायका महिलाहरुलाई विकासको मुलप्रवाहमा पहुँच बढाउन महिला सशक्तिकरण तथा लैगिक सचेतना अभिबृद्धि गर्ने ।
III. एकिकृत सामाजिक विकासका कार्यक्रम र गतिविधिका माध्यमबाट दलित महिला यूवा वालवालिका विपन्न र सिमान्तकृत भूमिहिन मुक्तहलिया समुदायको आर्थिक सामाजिक राजनिक शैक्षिक स्वास्थ्य अवस्थामा सुधार गर्ने ।
IV. सामाजिक समावेशीकरण सुशासन सामाजिक मेलमिलाप र शान्ति प्रवर्द्धनात्मक कार्यहरु गर्ने ।
V. जिविकोपार्जनका लागि खाध सुरक्षा खाध अधिकार लगायत पोषणलाई अधिकारको रुपमा विस्तार गरि कार्यक्रम संचालन गर्ने ।
VI. समावेशीकरण लोकतन्त्र सुशासन दीगो विकास शान्ती र विपद जोखिम न्यूनिकरणका लागि अधिकार र आवश्यकतामा आधारित अधिकारमुखी कार्य गर्ने ।
VII. जलवायू परिवर्तन वातावरण र उत्थानशिलताकालागि समुदायको सक्षमता र सवलिकरणमा सहयोग गर्ने ।

**संस्थाको मुल्य मान्यताः (Value and principle of Organization)**

सम विकास केन्द्र नेपाल एक सदस्यतामा आधारित अभियान आन्दोलनबाट सृजना भएको एक गैरसरकारी संस्था हो । जातिय छुवाछुत, लैंगिक विभेद, अन्याय र असमानताका विरुद्ध लडदै सामाजिक रुपान्तरणको अभियानमा क्रियाशिल यस संस्थाले परिकल्पना गरेको समतामुलक समाजको निर्माण अभियानलाई साकार पार्न र संस्थाले आफना नीति ब्यबहारलाई परिवेशका आधारमा क्रमिक रुपमा परिमार्जन तथा सुधार गर्दै संस्थागत विकास एंव पछाढी पारिएका वर्ग समुदायहरुको सशक्तिकरण, हक अधिकारको सुनिश्चितता, सबैखाले विभेदहरुको उन्मुलन र सामाजिक विकासका कार्यक्रम तथा अभियानहरुलाई जवाफदेहि, पारदर्शि र उत्तरदायी ढंगबाट अगाढी बढाउन निम्न बमोजिमका मुल्यमान्यतालाई अंगिकार र परिपालन गर्दै आएको छ ।

१) एकता

२) सहभागिता

३) मानविय ब्यबहार
४) समता

**संस्थाको कार्यक्षेत्र: (Geographical Working Areas)**

साविकमा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम दिपायल रहेको यस डोटी जिल्ला हाल सुदूर पश्चिम प्रदेशमा पर्दछ । सिलगढी सदरमुकाम रहेको यस जिल्लाको पूर्वमा अछाम र सुर्खेत, पश्चिममा डडेल्धुरा र बैतडी, उत्तरमा बझाङ तथा दक्षिणमा कैलाली जिल्लाहरू रहेका छन् । भविष्यमा सुदूर पश्चिम प्रदेशका सबै जिल्लाहरुलाई कार्यक्षेत्रको रुपमा समेटने लक्ष्य लिएको सम विकास केन्द्र नेपालले हाल भौगोलिक कार्यक्षेत्रको रुपमा समग्र डोटी जिल्लालाई ओगटेको छ जसमा डोटी जिल्लाका ४ वटा गाउँपालिका र २ वटा नगरपालिकाका ६५ वडाहरु यस संस्थाको कार्यक्षेत्रको रुपमा रहेका छन । आगामी वर्षहरुका लागि यस संस्थाले बोगटान गाउँपालिका आदर्श गाउँपालिका र बड्ढीकेदार गाउँपालिकालाई प्रस्तावित गाउँपालिकाको रुपमा राखेको छ ।

**परियोजनाहरू, गतिविधिहरू, र पहलहरूको सिंहावलोकन (Overview of projects, activities, and initiatives):**

यस संस्थाले संचालन गर्दै आएका कार्यक्रम तथा परियोजनाहरुको विवरण यस प्रकार छ ।

| कार्यक्रम तथा परियोजना | मुख्य उद्धेश्य | अवधि | साझेदार संस्था |
|---|---|---|---|
| स्थानिय अधिकार कार्यक्रम | ▪ महिला तथा वालविलकाहरुको सक्षमता तथा नारीवादी नेतृत्व र उत्पादनशिल भूमिका प्रव्रद्धन मार्फत महिला तथा वालिका माथि हुने हिंसा र लैंगिक असमानता अन्त्य गर्ने ।<br>I. महिला तथा वालिका अधिकार<br>II. गुणस्तरिय सार्वजनिक शिक्षा वालवालिकाको आधारभुत अधिकार<br>III. उत्थानशिल जिविकोपार्जनका लागि आर्थिक विकल्पको प्रवर्द्धन<br>IV. प्रकोप उत्थानशिलता प्रवर्द्धन | जनवरी २०१४ देखि डिसेम्वर २०२३ | एक्शन एड नेपाल |
| द महिला नेटवर्क परियोजना | I. संगठन तथा सशक्तिकरण<br>II. आर्थिक सशक्तीकरण<br>III. पारश्रमिक सेवामुलक कार्य<br>IV. सवाल उठान तथा स्थानिय निकायसंग समन्वय र सहकार्य<br>V. अभेखीकरण तथा अभियान | जनवरी २०२० देखि डीसेम्वर २०२३ | एक्शन एड नेपाल |
| पहुँच परियोजना | ▪ अधिकारवाला लगायत मानव अधिकार रक्षक र वातावरणीय अभियान्ताहरुको राज्य तथा गैर–राज्यका सेवा स्रोतहरुमा पहुँच, निर्णय र अधिकारको दाबी/संरक्षण र भेदभाव मुक्त सम्मानित जीवन बाँच्नका लागि सहयोग गर्ने । | जनवरी २०२२ देखि डिसेम्वर २०२६ | डीसीए नेपाल |
| कृषिमा आधारित बधुँवा श्रमको अन्त्य परियोजना | ▪ कृषिमा आधारित बधुँवा श्रमिक समुहका प्रतिनिधिहरुको सहभागिताबाट एक संयूक्त राष्ट्रिय आन्दोलन मार्फत नेपालमा कृषिमा आधारित बधुँवा श्रमको अन्त्यको माग गरने पुर्स्थापना कार्यक्रमहरुको सुनिश्चिताता गरी थप शोषणको रोकथाम गर्न सरकार तथा रोजगारदाताहरुलाई जवाफदेहि बनाउने । | अक्टुवर २०२१ देखि डिसेम्वर २०२३ | एक्शन एड नेपाल |

| | | | |
|---|---|---|---|
| डोटी भुकम्प प्रतिकार्य परियोजना | १. उपलब्ध स्थानीय सामग्री र प्रविधिहरूमा आधारित संक्रमणकालीन र स्थायी घरहरूको लागि प्राविधिक डिजाइनहरू विकास गर्ने ।<br>२ सामुदायिक अभिमुखीकरण मार्फत सुरक्षित भवन निर्माण र पुनर्निर्माण नीतिको बारेमा घरधनीको ज्ञान बढाउने ।<br>३ प्रबलीकरण र पुनर्निर्माण नीतिमा निर्माण प्राविधिकको क्षमता अभिवृद्धि गर्ने ।<br>४. सुरक्षित भवन निर्माण र आवास अनुदान प्रशोधनका लागि घरधनीहरूलाई घरराउनेघरमा प्राविधिक सहयोग उपलब्ध ग- ।<br>५. अनुदान प्रक्रियाको लागि अनुपालन र निरीक्षण संयन्त्र निर्माण गर्न स्थानीय सरकार र जिल्ला प्रशासन कार्यालयलाई सहयोग गर्ने । | मार्च २०२३ देखि नोवेम्वर २०२३ | केयर नेपाल/एनसेट |
| यूथ हव परियोजना | ▪ यूवाहरुलाई संगठित गर्दै सूचना संचारमा उनिहरुको पहुँच बृद्धि गर्न, समाजका हानिकारक अभ्यासहरु न्यूनिकरण गर्न र स्थानिय सरकारको सामाजिक जवाफदेहिता प्रवर्द्धनमा सहयोग पुर्याउन यूवाहरुलाई सामुहिक परिचालन गर्ने । | जनवरी २०२३ देखि डीसेम्वर २०२३ | एक्शन एड नेपाल |
| आर्थिक सशक्तिकरणका लागि गीफ्ट परियोजना | ▪ विपन्न तथा सिमानतकृत समुदायको दीगो आर्थिक विकासमा सहयोग गर्ने । | अप्रिल २०२३ देखि डीसेम्वर २०२३ | डीसीए नेपाल |

**संस्थाको उद्धेश्य बमोजिम आव २०७९/८० का मुख्य क्रियाकलाप र उपलब्धिहरुको सारांशीकरण:**

### १.१.१। स्थानिय तहका सबै संरचनाहरुमा दलित तथा महिला र अल्पसंख्यक वर्गको नेतृत्व र स्रोतसाधनमा उनिहरुको पहुँच बृद्धि गर्ने ।

महिलाहरुको राजनितिक सशक्तिकरण र परिचालन गर्दै राज्यको समानुपातिक समावेशी सिद्धान्त र नीति कार्यान्वयनमा दवाव सृजना र विभिन्न संरचनाहरुमा उनिहरुको राजनीतिक प्रतिनिधित्वको दावीमा गरिएको पैरवीका कारण पहिलो स्थानिय तहको निर्वाचनमा ११ जना र दोस्रो स्थानिय तहको निर्वाचनमा २५ जना गरि जम्मा ३६ जना महिलाहरु निर्वाचित भए । यसैगरी स्थानिय संरचनाहरु (विधालय ब्यबस्थापन समिती स्वास्थ्य ब्यबस्थापन समिती वन उपभोक्ता समिती आदी) मा २३७ जना महिलाहरुको नेतृत्व रहेदै आएको छ । विभिन्न समुहमा आवद्ध र नेतृत्व गरिरहेका महिलाहरुले लैंगिक सम्वेदनशिल सामुदायिक योजना पेश गरि गतवर्ष स्थानिय सरकार र प्रदेश सरकारबाट २ करोड ६९ लाख र यस वर्ष स्थानिय सरकारबाट १५ लाख वजेट प्राप्त गरि आयआर्जन तथा सामुदायिक विकासका कार्यक्रमहरु संचालन गर्न सफल भएका छन ।

### १.१.२। समाजमा विधमान रहेको सामाजिक हानिकारक अभ्यासहरु (बाल विवाह, वहुविवाह, छाउपढी प्रथा, जातिय छुवाछुत र महिला हिंसा) मा कमि ल्याई लैंगिक समानता र सामाजिक न्याय प्रवर्द्धन गर्ने ।

ईडीसी नेपालले जातिय छुवाछुत र विभेद विरुद्ध २०५३ साल देखि निरन्तर संचालन गरेको अभियानको परिणाम डोटीको प्रशिद्ध शैलेश्वरी मन्दिर प्रवेश तथा सार्वजनिक स्थलहरुमा दलितहरु माथि गरिने विभेदको अन्त्य भएको छ । डोटी जिल्लामा जातिय भेदभाव तथा छुवाछुत कसुर सजाय ऐन, २०६८ कार्यान्वयनमा दवाब, जातिय छुवाछुतको १६ वटा मुद्धामा डोटीमा सहजीकरण र अन्य जिल्लाका घटनाहरुमा ऐक्यबद्धता जनाउदै ज्ञापनपत्र पेश, पत्रकार सम्मेलन, २१ मार्च दिवसको अवसरमा सचेतनामुलक कार्यक्रमहरु संचालन गरिदै आएको छ ।

समुहमा आवद्ध महिलाहरुको पहलमा पालिका र स्थानिय तहमा छाउपढी प्रथा वालविवाह वहुविवाह महिला माथि हुने सबै खाले हिंसा विरुद्ध अभियान संचालन, घरेलुहिंसा कसुर सजाय ऐन २०६६ कार्यान्वयनमा दवाव सृजना, ईडिसी र स्थानिय सरकारको सहकार्यमा ४ वटा स्थानिय तहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति, रेफरल गाईडलाईन, छाउपढी उन्मुलन कार्यविधि, निर्माण र कार्यान्वयन, ८२ घरधुरीका छाउगोठ भत्काईएको र डोटीका ७६९ घरधुरीमा छाउपढी प्रथाको अन्त्य, वालक्लव र किसोरी समुहको अगुवाईमा १७ वटा वालविवाह रोकिएको छ भने, ६४ वटा महिला हिंसाका मुद्धा न्यायिक समितीमा दर्ता भई पिडित महिलाहरुले न्याय प्राप्त गर्न सफल भएका छन । डोटी जिल्लामा ओसिएमसीका साथै ४ वटा पालिकाहरुमा सेफहाउस र लैंगिक हिंसा निवारण कोष स्थापना गरि हिंसा पिडित महिलाहरुको सूरक्षा र कानुनी सहयोग संस्थाले गर्दै आएको छ । र यसै गरि डोटी जिल्लाका ४ वटा पालिकामा ४६६ जना यूवा तथा किसोरीहरु सामाजका हानिकारक अभ्यासका विरुद्ध पैरवी र सहजीकरण गर्दै आईरहेका छन ।

### १.१.३। महिलाको पारिश्रमिक विनाको सेवामुलक कार्यको पहिचान, सम्मान र पुनरवितरण गरि उनिहरुलाई उत्पादनमुलक कार्यमा संलग्न गराउने ।

सामाजिक परम्परा संस्कृति र चालचलनका कारण डोटीमा पुरषहरु कामको खोजीमा भारत जाने वा घरमै भएपनि घर बाहिरको काम गर्ने, काम नभए जुवातास खेल्ने वा गफ गरेर होटेलमा दिन विताउने तर घरको सम्पुर्ण (घर, खेत देखि वालवालिका, वृद्धाको हेरचाह, खाना बनाउने, खुवाउने, लगा धुने आदी) काम महिलाहरुले नै गर्नुपर्ने हुन्छ । यसरी महिलाहरुले घरको काम गर्दा न त उनिहरुको कामको मुल्याकंन हुन्छ, न त उनिहरुले स्यावासि नै पाउछन । जसले गर्दा उनिहरु घरको काममा मात्र सिमित भई परनिर्भर हुनुपर्ने, स्वतन्त्र रुपमा सामाजिक तथा राजनीति गतिविधीमा सहभागि हुन नपाउने र कार्यबोझको बढदै जाने अवस्था देखिएको कारण यस संस्थाले महिलाको पारिश्रमिक विनाको सेवामुलक कार्यको पहिचान, सम्मान र पुनरवितरण गरि उनिहरुलाई उत्पादनमुलक कार्यमा संलग्न गराउने उद्धेश्यका साथ Unpaid care work (UCW) को मुद्धालाई उठाउदै आएको छ । पारिश्रमिक विनाको सेवामुलक कार्यको २४ वटा समुहमा गरिएको लेखाजोखाले कार्यक्षेत्रका ८४ घरधुरीमा महिलाको सेवामुलक कामको बाँडफाँड भएको र ५९२ महिलाको कार्यबोझमा कमि आएको देखाएको छ ।

महिलाहरुको कार्यबोझमा कमि ल्याउन स्थानिय सरकारको सहकार्यमा ४ वटा शिशु स्याहार केन्द्र, १ वटा वालविकास केन्द्र संचालनमा आएकोछ भने, ३ वटा कुटानी पिसानी मिल संचालन र लक्षित समुदायमा खानेपानी धारा, ट्यांकी जस्ता विकल्पहरुको प्रयोग गरिएको छ, जसले महिलाहरुको कार्यबोझमा कमि ल्याएको पाईएकोछ । ईडिसी र शिखर नगरपालिकाको सहकार्यमा महिला समुहलाई उपलब्ध गराईएको कुटानी पिसानी मिल संचालनले ४५२ जना महिलाहरुको समय बचत भई उनिहरु अन्य आयआर्जनका बैकल्पिक उपायहरुमा संलग्न हुन थालेका छन । यसरी बचत गरेको समय महिलाहरुले सभा समारोहको बैठक तथा सामुहिक कार्यमा सहभागि हुने, सरसफाई र उत्पादनमुलक कार्यमा संलग्न हुने गरेका छन । शिखर नगरपालिकाले यसवर्षको नीति तथा कार्यक्रम र वजेटमा महिलाहरुको कार्यबोझमा कमी ल्याउन रु १० लाख रकम विनियोजन गरेको छ । केआईसिंह गाउँपालिकाको सहकार्यमा महिला मैत्री वजार स्थापना गरिएको छ भने, महिलाको कार्यबोझमा कमि ल्याई उनिहरुलाई उत्पादनमुलक कार्यमा संलग्न गराउन महिला समुहहरुलाई गहुँ चुटने थ्रेसर सहयोग गर्ने योजना बनाएको छ ।

### १.१.४। औपचारिक तथा अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक महिलाहरुको समान कामको समान ज्याला निर्धारण, विमा र सुरक्षाको सुनिश्चितता गर्ने ।

औपचारिक तथा अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक महिलाहरुको समान कामको समान ज्याला निर्धारण, विमा र सुरक्षाको सुनिश्चितताका लागि ईडिसी नेपालले विगत ४ वर्ष देखि समुदाय स्तरमा यसलाई सवालका रुमा उठाउदै आएको छ । श्रमिक महिलाहरुको ६ वटा सगठन निर्माण र ११५ जना सगठनका सदस्यहरुलाई कानुनी ब्यबस्थाका वारेमा सुसिचत गराउदै समान

कामको समान ज्यालाका सवालमा पैरवी गर्दै उनिहरुको विमा र सुरक्षाका सवाललाई समेत स्थानिय तहमा कानुनी रुमा सम्बोधन गर्न गत वर्ष जिल्लामा जिल्ला सतरिय श्रमिक महिलाहरुको सम्मेलनको अयोजना गरेको थियो । औपचारिक तथा अनौपचारिक जुनसुकै क्षेत्रमा काम गरेपनि महिला र पुरुषको ज्यालामा हुने असमानता विभेद र अपहेलनाका विरुद्ध श्रमिक महिलाहरुले स्थानिय तह हुदै जिल्लामा जिल्ला सम्मेलन गरेका थिए । उक्त सम्मेलनले कार्यक्षेत्रका ३ वटा स्थानिय तहमा श्रमिकहरुको ज्याला निर्धारण गरि श्रमिक महिलाहरुको सहभागितामा श्रमिकहरुको ज्याला अनुगमन मुल्यांकन समिती समेत गठन गरिसकेको छ । जिल्ला ज्याला निर्धारण समितीले दक्ष महिला पुरुषको रु. एक हजार र अदक्ष महिला पुरुषको रु. ७०० ज्याला निर्धारण गरेको छ । श्रमिक महिलाहरुले विमा सम्बन्धि अभियान, दवाव, उजुरी दर्ता र स्थानिय जनप्रतिनिधिहरुसंगको नियमित छलफल, अन्तरकृया पश्चात १४५ जना श्रमिक महिलाहरुको विमा गरिएको छ ।

श्रमिक महिला संगठनको पहलमा ठेकेदार मार्फत ज्यालामा ठगिएका श्रमिक महिलाहरुले एक लाख विस हजार असुल उपर गर्न सफल भएका छन भने काम गर्दा घाईते भएका एकजना महिलालाई ठेकेदार मार्फत औषधि उपचार वापत रु. २० हजार उपलब्ध गराउन सफल भएका छन । आफनो सवालमा प्रतिवद्ध श्रमिक महिलाहरुले अहिले अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक महिलाहरुको विमा र सुरक्षाको सवाल अगाढी बढाउदै आएका छन ।

**१.१.५। ग्रामिण क्षेत्रका महिलाहरुको यौन तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्ने ।**

ग्रामिण क्षेत्रका महिलाहरुको यौन तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्ने उद्धेश्यले कार्यक्षेत्रमा ८ वटा किसोरी समुहहरु ७२ वटा महिला समुहहरु परिचालित छन । किसोरी समुहहरुको नेतृत्व र पहलमा महिलाहरुको यौन तथा प्रजनन स्वास्थ्य अधिकारका सवालमा पालिका स्तरिय सचेतनमुलक अभियानहरु सचालन भएका छन भने, स्थानिय सरकार, स्वास्थ्य निकाय र ईडिसीको सहकार्यमा कार्यक्षेत्रका ६ वटा स्वास्थ्य संस्थाहरुमा वर्थिङसेन्टर सचालनमा अएका छन । सुरक्षित सुत्केरी सेवाबाट बन्चित समुदायका विपन्न गरिव समुदायका महिलाहरुको प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्न बर्थिङ सेन्टरहरु संचालनमा ल्याउन सहयोग गरिएको हो । वर्थिङ सेन्टरको सेवा प्रवाहबाट १०५ जना गर्भवति महिलाहरुले सुत्केरी सेवा प्राप्त गर्न सफल भएका छन । प्रजनन स्वास्थ्य अधिकार सम्बन्धि सचेत महिला तथा किसोरीहरुको अभियानले महिलाहरु मात्र नभएर स्वास्थ्य जाँच र औषधि उपचारमा यूवा वालवालिका तथा वृद्धहरुको समेत पहुँच बृद्धि भएको छ । स्थानिय सरकार र स्वास्थ्य संस्थाको पहल र ईडिसीको सहजीकरणमा विपन्न समुदायका २८८ जना महिलाहरुले पाठेघरको जाँच गराई ७० जनाको शल्यक्रिया गरिएको छ भने पाठेघर खस्ने समस्या भएका ६५ जना महिलाहरुले रिङको प्रयोग गरि पाठेघरको मुखको क्यानसरबाट बच्ने अवसर प्राप्त गरेका छन ।

**श्रावण २०७९ देखि आषाढ २०८० मा सम्पन्न भएका कार्यक्रम तथा परियोजनाहरुः**

| कार्यक्रम तथा परियोजना | मुख्य उद्धेश्य | अवधि | साझेदार संस्था |
|---|---|---|---|
| परिवर्तन परियोजना | ▪ स्थानिय स्तरको सुशासन प्रकृयामा सम्पुर्ण नागरिकहरुको अर्थपुर्ण सहभागिता अभिबृद्धि गर्ने ।<br>▪ सुशासन प्रकृयामा पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धनका लागि स्थानिय समुदाय तथा उनिहरुको संगठनको सशक्तिकरण र सबलीकरण गर्दै सशक्त रुपमा उनिहरुलाई स्थानिय सरकारको सुशासन प्रकृयामा समावेशि सहभागिता बढाउन सहयोग गर्ने । | फेब्रेवरी २०१९ देखि जनवरी २०२३ | यूरोपियन यूनियन र डीसीए नेपाल |

| | | | |
|---|---|---|---|
| एक्ट एलाईन्स ग्लोबल कोभिड १९ महामारी प्रतिकार्य परियोजना | ▪ कोभिड प्रभावितहरुको लागि मानविय सहयोग तथा पुनरस्थापनाका लागि दीगो जिविकोपार्जनमा सहयोग गर्ने ।<br>▪ विधालयहरुलाई कोभिड संक्रमणबाट मुक्त गर्न र स्वास्थ्य संस्थालाई कोभिड नियन्त्रणका लागि आवश्यक उपकरण तथा सामाग्रीहरु सहयोग गर्ने । | जनवरी २०२० देखि डीसेम्वर २०२३ | एक्ट एलाईन्स /डीसीए नेपाल |
| भुकम्प पीडीतहरुलाई न्यानो कपडा वितरण परियोजना | ▪ भुकम्प पीडितहरुहरुलाई चिसोबाट बचाउन न्यानो कपडा वितरणमा सहयोग गर्ने । | पौष २०७९ | केयर नेपाल |

**प्रत्येक कार्यक्रम तथा परियोजनाका उपलब्धि तथा परिणामहरुः (Result and Achievement of each project and programs.)**

**क) स्थानिय अधिकार कार्यक्रमः**

समाजमा सामाजिक विभेदीकरण, असमान शक्ति सम्बन्ध, बन्चितीकरण र गरिवीका कारक तत्वहरु परिवेश अनुसार वदलिदै गएका हुन्छन र ति कारक तत्वहरुले शक्तिहिन र समाजमा पछाढी पारिएका वर्ग समुदायको स्वतन्त्रता, अधिकार र स्रोतसाधन माथिको पहुँचमा जहिले पनि बाधकको रुपमा खडा भई सामाजिक विकासको मुलप्रवाहिकरणमा अवरोध सृर्जना गरि सामाजिक, आर्थिक, राजनैतिक एवं स्रोतसाधन बाट विमुख बन्न बाध्य गराउदछ । अहिले पनि गरिवीका कारण अधिकांश पुरुषहरु कामको खोजीमा भारत जाने र घर भित्र र घर वाहिरको सम्पूर्ण जिम्मेवारी महिलाहरुले सम्हाल्ने परम्परा कायमै छ । घर धान्नका लागि महिलाहरु ज्यालादारी काम गर्न बाध्य छन भने, सामाजिक, साँस्कृतिक चालचलन र परम्पराको कारण ब्यक्तीगत स्वतन्त्रता, संबैधानिक एंव कानुनी अधिकार र उत्पादनशिल भूमिकाबाट उनिहरु अझैपनि प्रताडित हुनुपरेको छ । महिला माथि हुने सबैप्रकारका हिंसा, दुर्ब्यबहार र अन्यायबाट सजिलै मुक्ति पाउन सकिरहेका छैनन । अझै दलित महिलाहरु जातिय छुवाछुत, लैंगिक विभेद, वालविवाह, वहुविवाह, छाउपढी प्रथा जस्ता समाजका हानिकारक अभ्यासका विरुद्ध लडिनै रहेका छन ।

यस प्रकारको परिवेशमा महिला तथा वालविलकाहरुको सक्षमता तथा नारीवादी नेतृत्व र उत्पादनशिल भूमिका प्रव्रद्धन मार्फत महिला तथा वालिका माथि हुने हिंसा र लैंगिक असमानता अन्त्य गर्ने मुख्य उद्धेश्यका साथ संचालन गरिएको स्थानिय अधिकार कार्यक्रमले डोटी जिल्लाका दिपायल सिलगढी नगरपालिका, शिखर नगरपालिका र केआईसिंह गाउँपालिकाका ११ वटा वडाहरुका १४४६ (१२८३ महिला र १६३ पुरुष जसमा दलित ५५४) घरधुरीका दलित, महिला, यूवा, किसोरी एंव वालवालिकाहरुलाई लक्षित गरी उनिहरुको सहभागितामा विभिन्न सक्रिय समुह/संजालहरु गठन गरी महिला तथा वालिका अधिकार, गुणस्तरिय सार्वजनिक शिक्षा, उत्थानशिल जिविकोपार्जन र प्रकोप उत्थानशिलताको प्रवर्द्धनका सवाललाई स्थानिय सरकारको समन्वय र सहकार्यमा एकिकृत कार्यक्रमको रुपमा संचालन गरेको थियो । मानव अधिकारमुखी विकास पद्धतिका आधारमा यस संस्थाले स्थानिय अधिकार कार्यक्रमलाई तिन खम्वे रणनिति (सशक्तिकरण अभियान वकालत र ऐक्यवद्धता) लाई मुख्य रणनीतिका रुपमा प्रयोग गरि एकिकृत रुपमा कार्यक्रमहरु संचालन गरेको थियो जसको परिणामलाई संक्षिप्त बुँदागतरुपमा यस प्रकार उल्लेख गरिएको छ ।



**क) महिला तथा वालिका अधिकारः**

- समाजमा ब्याप्त वालविवाह महिला हिंसा जस्ता हानिकारक अभ्यासहरुको अन्त्य गर्न यूवा संजाल महिला अधिकार मञ्च किसोरी समुह लगायत स्थानिय सरकार र सरोकारवालाहरुको संयूक्त पहलमा साझा अभियान संचालन गरिएको थियो जसको परिणाम कार्यक्षेत्रका १० वटा वडाहरुमा १३ वटा वालविवाह रोकिएको छ । यूवा संजालको क्षमता विकास संगै कार्ययोजना कार्यान्वयन र साझा अभियानको प्रभावले वालविवाह रोकिन पुगेको हो । अहिले यूवा संजालका सदस्यहरु वालविवाह, वहुविवाह, छाउपढी प्रथा र महिला हिंसाका विरुद्ध समाजमा खुलेर विरोध गर्न र सरकारलाई सचेत बनाउन सक्षम भएका छन ।
- समुहका महिलाहरुको पहलमा समुदाय तहमा गरिएका छाउपढी प्रथा विरुद्धको अभियान पश्चात ५४ जना आफनै कोठामा सुत्ने, २४३ जना सुरक्षित स्थानमा सुत्ने र ३६५ जना महिलाहरुले दुध, दहि खाने जस्ता छाउपढी प्रथा विरुद्ध समाजमा उदाहरणीय अभ्यासहरु गरिरहेका छन ।




- महिला अधिकारको विषयमा कानुनी सचेतना अभिबृद्धि पश्चात यसवर्ष स्थानिय न्यायिक समितीमा १२ वटा महिला हिंसाका मुद्धाहरु दर्ता भई हिंसा पिडित महिलाहरुले न्याय पाएका छन । हिंसा पिडित महिलाहरुको न्याय र सुरक्षाका लागि कार्यक्षेत्रका प्रत्येक पालिका र जिल्लामा एकद्धार संकट ब्यबस्थापन केन्द्र स्थापना भई कार्यान्वयनमा आएको छ । स्थानिय निकाय र एकद्धार संकट ब्यबस्थापन केन्द्रमा टोलफ्रि नम्वर जडानले हिसा पिडितलाई न्यायको खोजी गर्न मद्धत पुर्याएको छ । यस अवधिमा ६ जना हिंसा पिडित महिलाहरुले फोन मार्फत मुद्धा दर्ता गराई सकेका छन । यसले कानुनी उपचारलाई सहज बनाएको छ । यसैगरी पालिकाहरुले हिंसा पिडित कोष स्थापना पनि गरि उक्त कोषबाट समुदायका ३ जना हिंसा पिडित महिलाहरुलाई कानुनी उपचार वापतको रकम प्राप्त उपलब्ध गराएको छ । यसले महिलाहरुलाई अन्यायका विरुद्ध लडन र बोल्न थप प्रेरित गरेको छ ।
- स्थानिय सरकारको योजना तर्जुमा प्रक्रियामा समुह सञ्जालमा आवद्ध महिलाहरुको सहभागिता बढदै गएको छ । सामुहिक रुपमा महिलाहरु अधिकारको दाबी गर्न सक्षम बन्दै गएका छन । स्थानिय सरकारको स्रोतमा दाबी गर्न आव २०८०/८१ मा विभिन्न समुह संजालबाट २४ वटा महिला मैत्री योजनाहरु निर्माण गरि पेश गरेका थिए । जसमा ११ वटा योजनाहरु मार्फत स्थानिय सरकारले उनिहरुको माग सम्बोधन गरेको छ । दलित महिला सदस्यहरुको भूमिका र अधिकारका विषयमा क्षमता विकास पश्चात उनिहरुकै पहलमा ति ११ वटा योजनाहरु सम्बोधन गर्न र बैकल्पिक उपायको खोजी गरी महिलाको कार्यबोझमा कमि ल्याउने सवाललाई स्थानिय सरकारको नीति तथा कार्यक्रममा सम्बोधन गर्न सरकारलाई सहयोग पुगेको थियो ।
- स्थानिय अधिकार कार्यक्रम स्थानिय सरकार र स्वास्थ्य संस्थाहरुसंगको समन्वय र सहकार्यमा यस वर्ष ४ वटा स्वास्थ्य संस्थाको वर्थिङ सेन्टर प्रवर्द्धनमा सहयोग गरिएको छ । वर्थिङ सेन्टरको सेवा प्रवाहबाट १०५ जना गर्भवति महिलाहरुले सुत्केरी सेवा प्राप्त गर्न सफल भएका छन । प्रजनन स्वास्थ्य अधिकार सम्बन्धि सचेत महिला तथा किसोरीहरुको अभियानले महिलाहरु मात्र नभएर स्वास्थ्य जाँच र औषधि उपचारमा यूवा वालवालिका तथा वृद्धहरुको समेत पहुँच बृद्धि भएको छ ।
- स्थानिय सरकार र स्वास्थ्य संस्थाको पहल र ईडिसीको सहजीकरणमा विपन्न समुदायका २८८ जना महिलाहरुले पाठेघरको जाँच गराई ७० जनाको शल्यक्रिया गरिएको छ भने पाठेघर खस्ने समस्या भएका ६५ जना महिलाहरुले रिङको प्रयोग गरि पाठेघरको मुखको क्यानसरबाट बच्ने अवसर प्राप्त गरेका छन ।

- जिल्ला तथा स्थानिय तहमा श्रमिक महिलाहरु द्धारा गरिएका विभिन्न अभियानहरु पश्चात स्थानिय तहको ज्याला निर्धारण समिती र अनुगमन समितीमा श्रमिक महिलाहरुको प्रतिनिधित्व भएको छ । यसवर्ष तीनवटा पालिकाले श्रमिक महिलाहरुको ज्याला अनुगमन समितीमा श्रमिक महिलाहरुको प्रतिनिधित्व गराएको छ । श्रमिक महिलाहरुले विमा सम्बन्धि अभियान, दवाव, उजुरी दर्ता र स्थानिय जनप्रतिनिधिहरुसंगको नियमित छलफल, अन्तरकृया पश्चात १४५ जना श्रमिक महिलाहरुको विमा गरिएको छ भने एकजना महिलाले चोटपटकको उपचार वापत रु २० हजार र ज्याला ठगीएका श्रमिक महिलाहरुले १ लाख २० हजार असुली गर्न सफल भएका छन। श्रमिक महिलाहरुको जिल्ला सम्मेलन पश्चात जिल्लाका विभिन्न स्थानहरुमा श्रम गर्ने श्रमिक महिलाहरुले अहिले समान कामको समान ज्याला पाउन थालेका छन । स्थानिय अधिकार कार्यक्रम मार्फत श्रमिक महिलाका सवाल र जलवायु परिवर्तनका असर तथा अनुकुलन सम्बन्धि १००० थान सन्देश मुलक क्यालेण्डर प्रकाशन र वितरण गरी विभिन्न समुहका महिला, यूवा तथा आम नागरिकहरुलाई श्रमिक महिलाहरुले भोग्नु परेका समस्या तथा जलवायु परिवर्तन र अनुकुलनका विषयमा सहजीकरण गरिएको थियो ।
- सम्पति माथि महिला अधिकारका विषयमा जानकार महिलाहरु आफनो कार्यबोझमा कमि ल्याई उत्पादनमुलक कार्यमा संलग्न हुन थालेका छन । महिलाको कार्यबोझमा कमी ल्याउन यसवर्ष शिखर नगरपालिकाले महिलाहरुको कार्यबोझमा कमी ल्याउन रु १० लाख रकम विनियोजन गरेको छ । ईडिसी र शिखर नगरपालिकाको सहकार्यमा महिला समुहलाई उपलब्ध गराईएको कुटानी पिसानी मिल संचालनमा आएपछि ४५२ जना महिलाहरुले बचेको समय सदुपयोग गर्न आयआर्जनका बैकल्पिक उपायहरुको खोजी गर्न थालेका छन । यस वर्ष २ जना महिलाहरुले कुखुरा पालन र किराना पसल ब्यबशाय संचालन गरी आम्दानी गर्न थालेका छन । महिलाको कार्यबोझमा कमि ल्याई उनिहरुलाई उत्पादनमुलक कार्यमा संलग्न गराउन केआईसिंह गाउँपालिकाले गहुँ चुटने थ्रेसर सहयोग गर्ने योजना बनाएको छ ।

**ख) गुणस्तरिय सार्वजनिक शिक्षा वालवालिकाको आधारभुत अधिकारः**

- वालवालिकाहरुको गुणस्तरिय शिक्षा अधिकारलाई सुनिश्चित गर्न विगतमा झै यस वर्षपनि विधालय भर्ना अभियान संचालन गरिएको थियो । उक्त अभियान पश्चात विधालय वाहिर रहेका ४६ जना वालवालिकहरु र विधालय छोडेका १२ जना वालवालिकाहरुले पुनः विधालय भर्ना भएका छन । ६५ जना वालिकाहरु नीजि विधालय छोडी सार्वजनिक विधालय भर्ना भएका छन ।




- विधालयहरुमा वालक्लवद्धारा गरिएको हानिकारक अभ्यास, जलवायु परिवर्तन तथा वातावरण सरसफाई, प्रजनन स्वास्थ्य र लंगिक हिंसा विरुद्धका अतिरिक्त क्रियाकलापहरुले वालवालिकाको ज्ञान, सिप र धारणामा अभिबृद्धि भएको छ ।
- विधालयको दीवा खाजा वितरणमा नियमित अनुगमन गर्दा पहिले हुने गरेको जातीय विभेदको अन्त्य भएको छ ।
- विधालयमा निर्माण गरिएको आरामकक्ष र सेनेटरी प्याड ब्यबस्थापनले महिनावारी भएका वालिकाहरुलाई आराम गर्न सहज भएको र विचैमा कक्षा छोडेर जाने प्रचलनमा कमि आएको छ । हाल सम्म ७४ जना वालिकाहरुले यसको प्रयोग गरिसकेका छन ।
- वालवालिकाहरुको शैक्षिक गुणस्तर बृद्धि गर्न र विधालय निरन्तरतालाई प्रभावकारी बनाउन केआईसिंह गाउँपालिका ६ र ७ अन्तरगतको लाटाकलारै आ.वि. र भूमिराज मा.वि.ले कक्षा १० सम्म निशुल्क शिक्षाको नीति कार्यान्वयनमा ल्याएको छ । अभिभावकको गुनासो सम्बोधन गर्दै ति विधालयहरुले कक्षा ५ सम्म निशुल्क अंग्रेजी माध्यमबाट पढाउन समेत थालेका छन ।

- यसवर्ष कार्यक्षेत्रका ९ वटा विधालयहरुको सिकाई उपलब्धि ४ प्रतिशतका दरले बृद्धि भएको छ । साथै कार्यक्षेत्रका ३ वटा विधालयमा संचालन गरिएको रिमिडीयल कक्षाको पूर्व र पश्चात मुल्यांकनले ९८ प्रतिशत वालवालिकाहरुको सिकाई उपलब्धि बृद्धि भएको देखाएको छ ।

**ग) उत्थानशिल जिविकोपार्जनकालागि आर्थिक विकल्पको प्रवर्द्धनः**

- समुहका महिलाहरु आत्मनिर्भरता र सहज जिविकोपार्जनका लागि आयआर्जनका बैकल्पिक उपायहरु अपनाउन थालेका छन । आफुसंग भएको जमिनको सदुपयोग गरि उनिहरु तरकारी खेती, पशुपालन र गैरकृषिमुलक ब्यबशायहरु संचालन गर्न थालेका छन । ब्यबशाय फस्टाउन थाले पछि भारतमा रोजगारीका लागि गएका आफना श्रीमानलाई बोलाई ब्यबशाय बढाउदै आम्दानी गर्न थालेका छन । यसवर्ष ४८८ जना समुहका महिलाहरुले कृषि तथा गैर कृषि ब्यबशाय संचालन गरेका छन । ११ जना महिलाहरुले आफना श्रीमानलाई भारतबाट बोलाई ब्यशायमा संलग्न गराउका छन । उनिहरुले दैनिक ५ हजार देखि ३० हजार सम्म आम्दानी गरि सहज रुपमा घरखर्च गर्ने, बचत गर्ने र छोराछोरीलाई उच्च शिक्षा पढाउन थालेका छन ।



- कृषि ब्यबशायलाई पालिका तथा घरेलुमा दर्ता गरि उनिहरुले पालिका तथा कृषि शाखाबाट अनुदान प्राप्त गर्न सफल भएका छन । यस अवधिमा पालिकामा ३ वटा समुह दर्ता भई ८ जनाले सिंचाई पोखरी, १० जनाले फलामे टर्नेल, ६ जनाले कुखुरापालन, १ जनाले माछा पालन र १०२ जनाले तरकारीका विउहरु अनुदान स्वरुप प्राप्त गरि ब्यबशाय संचालन गरेका छन । आम्दानी बढदै जाँदा महिलाहरुको आत्म विश्वास बढनुको साथै उनिहरुमाथि हुने हिंसाहरुमा समेत कमी आएको छ ।



- जग्गा जमिन नहुनेहरुको लागि पालिकाले गैर कृषिमा अनुदान उपलब्ध गराउन थाले पछि गैर कृषि गर्ने महिलाहरुको संख्या बढन थालेको छ ।
- केआईसिंह गाउँपालिकाले अर्ग्यानिक तरकारी खेतीलाई विस्तार गर्न यस वर्ष ९ वटा समुहमा कृषक पाठशाला संचालन गर्यो । अर्ग्यानिक तरकारी खेतीको प्रवर्द्धन गर्न गाउँपालिकाले यसवर्ष रु ३ लाख रकम विनियोजन गरेको छ । साथै यसवर्ष कृषि निर्देशनालयले अर्ग्यानिक तरकारी खेती गरिरहेका समुहका ५ जना महिला किसानहरुलाई सम्मान समेत गरेको छ ।
- दीगो उत्थानशिल कृषि प्रवर्द्धनकालागि अर्ग्यानिक तरकारी खेती गरिरहेका कृषकहरुले थोपा सिंचाई, पलाष्टिक हाउस, झोलमोल विषादी जस्ता कृषि प्रविधिको प्रयोग र विस्तार गरि दीगो कृषि उत्पादनका अभ्यासहरु अगाढी बढाईरहेका छन ।

**घ) प्रकोप उत्थानशिलता प्रवर्द्धन**

- लम्पि स्किन रोग नियन्त्रण गर्न कार्यक्षेत्रका ४६७ संक्रमित गाईगोरुहरुलाई शिखर नगरपालिकाले सहज रुपमा उपचार गरेको छ जसले सम्बन्धित किसानहरु सम्भावित क्षति हुनबाट बचेका छन ।
- कार्यक्षेत्रका विधालयहरुमा अध्ययन गर्ने वालवालिकाहरु विपदबाट बच्न र बचाउने कार्यमा सक्षम हुदै गएका छन । शिखर नगरपालिकाका सुनिल विकको लडेर हात भाचिएपछि तालिम प्राप्त विधार्थिहरुले तत्काल दुबै हात काठले बाँधि स्वास्थ्य चौकी लगेर उपचार गराएका थिए ।



- यसवर्ष सम्भावित विपदबाट जोगाउन यूवा संजालको अगुवाईमा स्थानिय जनप्रतिनिधिहरु सहित ४४३ जना समुदायका महिला तथा पुरुषहरुले बृक्षारोपण गरे । बृक्षारोपण अभियानका साथै उनिहरुले सार्वजनिक स्थानहरुमा सरसफाई गर्ने, पलाष्टिक जन्य सामाग्री प्रयोग नगर्ने विषयमा नागरिक सचेतना अभिबृद्धि गराएका छन ।
- कार्यक्षेत्रका ३ वटै पालिकाले विपद ब्यबस्थापन कोष संचालन कार्यविधि निर्माण गरि कार्यान्वयनमा ल्याएको छ ।

**ग) द महिला नेटवर्क परियोजनाः**

**१) संगठन तथा सशक्तिकरणः**

- दिपायल सिलगढी नगरपालिका ४ मा रहेको पञ्चेश्वर महिला समुह पञ्चेश्वर महिला बहुउद्धेश्यिय सहकारी संस्थामा परिणत भएको छ । सहकारी संचालनका विषयमा सदस्य एवं पदाधिकारीहरुको क्षमता विकास पश्चात सहकारीको संस्थागत विकासमा सुधार र ब्यबस्थित भएको छ । ११२ जना शेयर सदस्यहरु बनाउन सफल भएको यस सहकारीले ४ लाख ८५ हजार ९ सय १२ रुपयाँ लगानी गरिसकेको छ । सहकारीमा आवद्ध नभएका दलित महिलाहरुले यसवर्ष भेटेनरी कार्यालयको १ लाख ५० हजार अनुदान सहयोगमा पशुपालनका कार्यक्रमहरु संचालन गरेका छन । यसैगरी अन्य समुहहरुले पनि नियमित बैठक गर्ने छलफल गर्ने र कार्ययोजना बनाई सदस्यहरुलाई परिचालन गर्दै आएका छन ।




- वभिन्न समुह र सहकारीमा आवद्ध महिलाहरु स्थानिय सरकारको योजना तर्जुमा प्रक्रियामा सक्रियता पुर्वक सहभागि हुन थालेका छन । विभिन्न तालिम र समुहमा गरिएको छलफलका माध्यमबाट ७७५ जना महिलाहरुले स्थानिय तहको योजना तर्जुमाका सात चरणहरुका वारेमा जानकारी पाएपछि उनिहरुले यसवर्ष ८६ वटा महिला मैत्री सामुहिक योजना निर्माण गरी वडा तहको भेलामा पेश गरेका थिए , जस मध्ये २८ वटा योजनाहरु पालिका र वडाबाट स्वीकृती भएको छ । ति २८ योजनाको उपभोक्ता समितिको नेतृत्व पनि महिलाहरुले नै गरिरहेका छन ।

- स्थानिय तहको राजनैतिक संरचनाहरु जस्तै, उपभोक्ता सिमती, वन समिती, वि. ब्य. स. जस्ता समितीहरुमा १२२ जना महिलाहरुको प्रतिनिधित्व रहेको छ । यसवर्ष उनिहरुले ५ लाख देखि १८ लाख सम्मको योजनाको नेतृत्व गरी योजना कार्यान्वयन गरेका छन । विभिन्न समुहका तालिम प्राप्त ७५ जना महिलाहरुले अन्य समुहका सदस्यहरुलाई पनि नेतृत्व विकास सम्बन्धि ज्ञान, सिप र अनुभव आदान प्रदान गरेका थिए । तालिम पश्चात उनिहरुलाई सभासमारोह, सामुहिक भेलामा महिला अधिकारका विषय, श्रमिक महिलाहरुको सवाल र हानिकारक अभ्यासका विरुद्ध सवालहरु उठाउन आत्मबल बढेको छ ।

२) **आर्थिक सशक्तिकरणः**

- दीगो कृषि विकासका माध्यमबाट समुहका महिलाहरुको आर्थिक अवस्थामा सुधार गर्न विभिन्न तालिम, स्थानिय सरकारको नीतिमा सुधार एवं परिमार्जन र स्थानिय सरकारको सहकार्यमा पुरुषहरुलाई चुनौति दिने खालका आर्थिक अवसरका बैकल्पिक उपायहरुमा सहयोग गर्ने कार्य गरियो । जसको परिणाम कार्यक्षेत्रका ९० घरधुरीहरुले अर्ग्यानिक तरकारी खेती संचालन गरिरहेका छन भने २२ वटा महिला समुहका २४४ जना महिलाहरुले सानाखाले ब्यबशाय संचालन गरिरहेका छन । हाल सम्म २२ वटा समुहको कुल पुँजी ६८ लाख ७० हजार रहेको छ । जसमा द महिला नेटवर्कले ३६ लाख, समुहको आफ्नै बचत २५ लाख ७० हजार र स्थानिय सरकारको अनुदान सहयोग ७ लाख रहेको छ । ब्यबशाय संचालनमा आवद्ध महिलाहरु आर्थिक रुपमा सक्षम भएका कारण उनिहरुले निर्णय प्रक्रियामा समेत सकारात्मक प्रभाव पार्न थालेका छन भने, घर परिवार र समाजमा उनिहरुको मान मर्यादा र हैसियत बढेको समुहका सदस्यहरु बताउन्छन ।



- विभिन्न समयमा कार्यक्षेत्रका पालिकाहरुमा अर्ग्यानिक नीति र रणनीतिका वारेमा छलफल गरि कृषक तथा र स्थानिय सरकार विच साझा बुझाई कायम गरीएको छ । केआईसिंह गाउँपालिकाले यस नीतिलाई कार्यान्वयनमा पनि ल्याईसकेको छ । दीगो कृषि उत्पादनबाट आर्थिक, सामाजिक र वातावरणिय पक्षलाई ध्यान दिई खाध सुरक्षा र खाध श्रृखलामा उत्पादनको गुणस्तर सुनिश्चितता गर्न पालिकाले ३ लाख वजेट विनियोजन गरि असल कृषि अभ्यासको शुरुआँत गरेको छ । अर्ग्यानिक खेतीको सन्दर्भमा केआईसिंह गाउँपालिका डोटी जिल्लाकै एक नम्वरमा पालिकामा पर्न सफल भएको छ ।



- अर्ग्यानिक खेती तथा सानाखाले ब्यबशाय गर्ने समुहका महिलाहरु अहिले आत्मनिर्भर भई साहुको चर्को ब्याजबाट मुक्त भएका छन । श्रीमान संगसंगै मिलेर उनिहरुले ब्यबशाय शुरु गरिरहेका र आम्दानी पनि गरिरहेकाले अहिले उनिहरुले साहुबाट ऋण लनु पर्दैन र वालवालिकाको शिक्षा तथा जिविकोपार्जनमा उनिहरुलाई सहज भएको छ ।
- महिलाहरुले उत्पादन गरेका कृषि तथा गैर कृषिमुलक उत्पादनहरुलाई सहज रुपमा बजारमा ल्याई विक्रि वितरण गर्न केआईसिंह गाउँपालिका र ईडिसीको सहकार्यमा महिला मैत्री वजार स्थापना गरि कार्यान्वयनमा आएको छ । यसले महिलाहरुको वजारमा पहुँच बृद्धि गराएको छ ।

- दलित महिलाहरुको आर्थिक सशक्तिकरणका लागि यस परियोजनाले ११ जना दलित महिलाहरुको ब्यबशायिक योजना संचालनमा सहयोग गरेको छ भने, ९ जना महिलाहरुले एकमहिने अटो चालक तालिम प्राप्त गरेका छन । अटोचालक तालिम पश्चात एकजना धनसरा आउजीले अटो संचालनमा ल्याई आम्दानि गर्दै आएकी छिन । अवसर पाए महिलाहरुले पनि जुनसुकै काम गर्न सक्छिन भन्ने उदाहरण हुन धनसरा आउजी । यो देखेर दिपायल सलगढी नगरपालिका र शिखर नगरपालिकाले १० जना महिलाहरुलाई अटो चालक बनाउने गरि २०८०/८१ को योजना र वजेट पारित गरिसकेको छ ।



- दिपायल सलगढी नगरपालिका ५ की ठगुली विष्टले बाख्रापालनबाट भएको आम्दानीले बुहारीलाई उच्च शिक्षा पढाउन थालेकी छिन । परियोजनाको सहयोग पाएपछि उनले बाख्रापालन शुरु गरी आम्दानी गर्न थालेकि हुन । उनि जस्तै अन्य समुहका ८ जना महिलाहरु पनि समाजको लागि उदाहरण हुन जसले आफनै ब्यबशायबाट भएको आम्दानीले उच्च शिक्षा अध्ययन गरिरहेका छन ।
- समुहका महिलाहरु स्थानिय सरकारबाट मात्र नभई प्रदेश सरकारबाट समेत स्रोत ल्याउन सफल भएका छन । २२ वटा समुह मध्ये ३ वटा समुहले प्रदेशबाट ब्यबशाय संचालनका लागि १५ लाख सहयोग प्राप्त गरेका छन भने पशु विमा गरिरहेका १८ जना महिला कृषकहरुले विमा कम्पनिबाट क्षतिपुर्ति प्राप्त गर्न सक्षम भएका छन ।

३) **पारिश्रमिक विनाको सेवामुलक कार्य:**

- पितृसत्तात्मक हाम्रो समाजमा पुरुषहरुले घरवाहिरको काम गर्ने र महिलाहरुले घरभित्रको काम गर्ने गराउने प्रचलन विधमान नै छ । यसले गर्दा महिलाहरु ब्यक्तिगत स्वतन्त्रता, चाहना, आवश्यकता र अधिकारबाट बन्चित हुनुपरिरहेको अवस्थामा ईडिसीले विगत वर्षहरु देखि नै महिलाहरुको पारिश्रमिक विनाको सेवामुलक कार्यको पहिचान, न्यूनिकरण, पूनरवितरण र प्रतिनिधित्वका सवालमा वकालत र अभियानहरु संचालन गर्दै आईरहेकोछ । महिलाहरुको पारिश्रमिक विनाको सेवामुलक कार्यमा कमि ल्याई उनिहरुलाई उत्पादनमुलक कार्यमा संलग्न गराउन रिफलेक्ट सर्कल तथा विभिन्न समुहमा सहजीकरणका साथै महिलाको कामको अवस्था पहिचान गर्न अध्ययन पनि गरिएको थियो । यसवर्ष २४ वटा समुहमा महिलाको सेवामुलक कार्य सम्बन्धि गरिएको लेखाजोखाले ८४ घरधुरीमा महिलाको काम बाँडफाँड भएको पाईएको छ भने, हरेकवर्ष झै यसवर्ष पनि ५० जोडी (महिला तथा पुरुष) ले गर्ने कामको लेखाजोखाका लागि समय तालिकाको अभ्यास गरिएको थियो जसले पुरुषहरुपनि महिलाहरुको कार्यमा सहयोग गर्न थालेको पाईएको छ ।





- महिलाहरुको कार्यबोझमा कमिल्याउन विभिन्न समयमा स्थानिय सरकार समुह र नागरिक समाजहरुसंग

गरिएका छलफल अन्तरक्रियाले कार्यक्षेत्रका ५९२ जना महिलाहरुको कार्यबोझमा कमि आएको छ। महिलाको कार्यबोझमा कमि ल्याउन यस परियोजना र स्थानिय सरकारको सहकार्यमा समुहका महिलाहरुले सामिहक रुपमा शिशु स्याहार केन्द्र र कुटनी पिसानी मिलहरु संचालन गरेका छन। वालवालिकाहरु शिशु स्याहार केन्द्रमा जाने र धान कुटाउन र गहुँ पिस्न घरुदेखि धेरै टाढा जानु पर्ने भएकोले उनिहरुले समुदायमै मिल संचालन गरी समय बचत गरेका हुन । यसरी बचत गरेको समय महिलाहरुले सभा समारोह बैठक सामुहिक कार्यमा सहभागि हुने र आफनो सरसफाईमा प्रयाप्त समय मिलेको छ।

४) **सवाल उठान तथा स्थानिय निकायसंग समन्वय र सहकार्यः**

- यसवर्ष श्रमिक महिलाहरुको संगठनले समान कामको समान ज्याला र सुरक्षाका विषयमा स्थानिय स्तर देखि जिल्ला तह सम्म विभिन्न प्रकारका अभियानहरु संचालन गरे। जसको परिणाम तिनै पालिकाले श्रमिक महिलाहरुको सहभागितामा ज्याला अनुगमन संयन्त्र निर्माण गरेका छन भने, दक्ष र अर्धदक्ष श्रमिकको ज्याला निर्धारण गरि दक्ष श्रमिकले दैनिक एक हजार र अर्धदक्ष श्रमिकले दैनिक ७०० पाउने गरि ज्याला निर्धारण गरेका छन। डोटीका ९ वटै स्थानिय तहका प्रमुख, उपप्रमुख, ठेकेदार, ट्रेडयूनियन, पत्रकार, श्रमिक महिलाहरु र नागरिक समाजको सहभागितामा सम्पन्न समान कामको समान ज्याला, श्रमिक महिलाको सूरक्षा तथा सामाजिक सेवाका विषयमा भएको जिल्ला सम्मेलन पश्चात श्रमिकहरुको ज्याला निर्धारण गरिएको थियो।



- यसैगरी कार्यक्षेत्रका १२६ जना महिला श्रमिकहरुको विमा कम्पनिमा विमा गरिएको छ भने कामको शिलशिलामा चोटपटक लागेका ४ जना महिलाहरुले २० हजारका दरले उपचार खर्च प्राप्त गरेका छन।
- शिखर नगरपालिकाले स्थापना गरेको लैंगिकतामा आधारित हिंसाकोषबाट १३ जना महिलाहरुले उपचार खर्च प्राप्त गरिसकेका छन भने रेफरल गाईडलाईन कार्यान्वयनले हिंसा पिडीत महिलाहरुलाई न्यायको खोजी गर्नमा मद्धत पुगेको छ ।

५) **अभिलेखीकरण तथा अभियानः**

- स्थानिय स्तरमा क्रियाशिल यूवा तथा किसोरीहरुले लैंगिक समानता, जातिय विभेद तथा जलवायु परिवर्तनका साथै श्रमिक महिलाहरुको समान कामको समान ज्याला र महिलाहरुको सेवामुलक कार्य र कार्यबोझमा कमि ल्याउन विभिन्न अभियानहरु संचालन गर्दै आएका छन। जसले लक्षित समुदाय मात्र नभएर पालिकाका सम्पुर्ण वडाहरुका नागरिक, स्थानिय सरकार लगायत सरोकारलावालाहरु समेत महिला अधिकार र महिलाका सवालहरुमा समेवदनशिल हुन थालेका छन। जातका आधारमा विधालयमा होस वा अन्य कुनै सार्वजनिक स्थलहरुमा हुने गरेको छुवाछुत र विभेदमा कमी आएको छ। महिलाहरुले समय बचत गरी आयआर्जनका बैकल्पिक उपायहरु अपनाई आत्मनिर्भर बन्न सहयोग पुगेको र विभिन्न संरचनाहरुको नेतृत्व र प्रतिनिधित्व गर्नमा प्रेरित गरेको छ।

**घ) पहुँच परियोजना**

पहुँच परियोजना डीसीए नेपालको सहयोगमा डोटी जिल्लाको शिखर नगरपालिका र केआईसिंह गाउँपालिकामा संचालन गरिएको छ। शिखर नगरपालिकाको ६ वडा र केआईसिंह गाउँपालिकाको ३ वडाका ११९३ घरधुरीका दलित, समान्तकृत र विपन्न

परिवारका महिलाहरुको समुहमा यो परियोजना संचालन हुदै आएको छ । अधिकारवाला लगायत मानव अधिकार रक्षक र वातावरणीय अभियान्ताहरुको राज्य तथा गैर–राज्यका सेवा स्रोतहरुमा पहुँच, निर्णय र अधिकारको दाबी/संरक्षण र भेदभाव मुक्त सम्मानित जीवन बाँच्नका लागि सहयोग गर्ने उद्धेश्यले संचालित यस परियोजनाले छलफल चौतारी र वारवरणीय अभियान्ता मार्फत सशक्तिकरणका कार्यक्रमहरु संचालन गर्दै आएको छ । यस वर्ष यस परियोजना अन्तरगत भएका मुख्य मुख्य परिवर्तन तथा उपलब्धिहरुलाई बुँदागत रुपमा यस प्रकार उल्लेख गरिएको छ ।

**१) जलवायु परिवर्तन सम्बन्धी अधिकारवाला र कर्तव्य वाहकहरूको ज्ञान र चेतना अभिवृद्धि गर्ने**

- स्थानिय स्तरका १० जना यूवाहरु मध्ये २ जना पुरुष र ८ जना महिला जलवायू अभियान्ताका रुपमा विकसित भई समुदाय स्तरमा जलवायू परिवर्तन सम्बन्धि समुदाय एवं छलफल चौतारीमा सहजीकरण गर्दै सचेतना अभिबृद्धि गर्न थालेका छन, जसबाट कार्यक्षेत्रका ८७५ दलित महिला र २३८ अन्य महिलाहरु जलवायू परिवर्तन सम्बन्धि सचेत भएका छन । यसैगरी वातावरणलाई सुरक्षित राख्न जलवायू अभियान्ताहरुको पहलमा शिखर नगरपालिका वडा नं ९ को बाँझो जमिनमा ५० जना महिलाहरुको सहभागितामा बृक्षारोण गरिएको छ ।



- यसैगरी वातावरण संरक्षण गर्न समुहका २४६ जना महिलाहरुले आफुले प्रयोग गर्दै आएका सामुदायिक वनमा भिजेका रुखहरु काटन बन्देज गरेका छन भने ४० समुहका २४६ जना महिला सदस्यहरुलाई जलवायू परिवर्तनका आधारभुत अवधारणाका वारेमा जानकारी पाएका छन । अहिले उनिहरुले खानेपानी तथा गोठ सरसफाई अभियान संचालन गरिरहेका छन ।
- यसैगरी दुवै नगरपालिकाका ५ सय ३५ विद्यार्थीको उपस्थितिमा विद्यालयस्तरमा जलवायु परिवर्तन, यसको अनुकूलन र न्यूनीकरण सम्बन्धी ज्ञानसिप अभिबृद्धि गर्न १० वटा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिएको थियो । विद्यालयमा स्वास्थ बानी ब्यबहारहरू अपनाउने र वातावरणको सम्मान गर्ने जस्ता सकारात्मक व्यवहार परिवर्तनहरूको प्रवर्द्धन गर्ने उद्देश्यले संचालन गरिएका सचेतनामुलक कार्यक्रम पश्चात ५ वटा विधालयमा फोहर जलाउने खाडल बनाई प्रयोग गर्न थालिएको छ ।
- समुहका महिला तथा वातावरणीय अभियान्ताहरुको अभियानले पालिकाहरुलाई यसवर्षको नीति तथा कार्यक्रममा जलवायु र वातावरणीय मुद्दालाई सम्बोधन गर्न दवाव सृजना गरेको थियो । दुवै पालिकाले आफ्नो नीति र २०७९/८० को बजेटमा जलवायु परिवर्तनका विषयवस्तु समावेश गरेको छ ।




- यसैगरी GBV, CBD र IPV का मुद्दाहरुमा समुदाय र स्थानिय सरकार सम्वेदनशिल बन्दै जान थालेका छन । महिला अधिकारका क्षेत्रमा कानुनी सचेना अभिबृद्धि भएपछी समुहका महिलाहरु हिंसा विरुद्ध न्यायिक समितीमा उजुरी गर्न जान थालेका छन । अधिकार संगै कानुन प्रतिको विश्वासले समाजमा लुकेर रहेका हिंशाहरु उजागर हुन थालेका छन । केआईसिंह गाउँपालिका ३ की महिला सदस्य पारु भुलले आफनै श्रीमान विरुद्ध पालिकाको न्यायीक समितीमा उजरी गरेकी थिईन । समाजमा ब्याप्त छाउपढी प्रथा विरुद्ध समुहका महिलाहरु अभियान चलाउन थालेका छन । छाउपढी प्रथालाई आफैबाट अन्त्य गर्न

महिलाहरु सक्रिय हुन थालेका छन । यसवर्ष चण्डिका महिला समुहका २५ जना महिलाले आफनै घरमा आफनै कोठामा दुध पिउने, खाना खाने, सुत्ने र शौचालय प्रयोग गरी विरोधको शुरुआँत गरी छाउपढी प्रथामा कमि ल्याएका छन । उनिहरुले छोरीहरुलाई महिनावारी हुँदा विधालय पठाउन थालेका छन । यसरी आफनै घरमा विरोध गर्ने महिलाहरु मध्ये ५ जना महिलाहरु रोलमोडलको रुपमा समाजमा पहिचान भएका छन ।

- छलफल चौतारीमा सहभागि हुने १११५ महिलाहरु मध्ये ९५ जना जातीय विभेद र त्यसका कानुनी ब्यबस्था, १०१ जना महिला छाउपढी प्रथा, ७९ जना वालविवाह वहुविवाह र काननी प्रावधान र १९१ जना सार्वजिक सेवा, नागरिताका वारेमा सहजीकरण गर्न सक्ने भएका छन । यसैगरी समुहका ५० जना महिलाहरुले पालिकाका विभिन्न समुह संजालमा प्रतिनिधित्व गर्न सक्षम भएका छन ।

**२) महिला उद्यमशीलता सहित स्रोत र जानकारीमा पहुँच सुधार**

समुहका महिलाहरुले आर्थिक आयआर्जनका विभिन्न उपायहरुको खोजी गरी आत्मनिर्भरता तर्फ उन्मुख हुन थालेका छन । समुहका महिलाहरुले शुरु गरेका आयआर्जनका ब्यबशायबाट भएको आम्दानीले उनिहरुको जिवनयापनमा सुधार हुन थालेको छ ।



- स्थानिय सरकारको नीति तथा कार्यक्रम र स्रोत साधनको वारेमा लक्षित समुदायको क्षमता अभिबृद्धी गरी स्थानिय स्रोतसाधनमा महिलाहरुको पहुँच बृद्धि गर्न यस वर्ष ३३ जना महिलाहरुलाई योजना तर्जुमा प्रक्रियाका वारेमा ज्ञान सिप प्रदान गरियो । तालिम प्राप्त सदस्यहरुले आआफनो समुहमा छलफल गरेपछि उनिहरुले ४० वटा सामुदायिक कार्ययोजना निर्माण गरी वडा तथा पालिकामा पेश गरेका थिए जसमा २ वटा पालिकाबाट पास भएको छ ।
- लैगिक हिंसा अन्त्यका लागि दुबै पालिकाहरुले प्रतिवद्धता जनाएका छन । केआई सिंह ४ का न्यायिक समिति सदस्य श्री जयबहादुर धामीले दलित र सीमान्तकृत महिला, GBV पीडितलाई आफ्नै पालिकामा सहज पहुँच दिने प्रतिबद्धता व्यक्त गरेका छन । यसले आगामी दिनहरुमा दलित र सीमान्तकृत महिलाहरूलाई पालिकाको न्यायिक समितिमा GBV मुद्दाहरू दर्ता गर्न र न्याय प्रदान गर्न मद्दत गर्दछ ।
- उद्यमशीलता सम्बन्धि तालिमले समुहका महिलाहरुको आत्मविश्वास बढेको छ । तालिम पश्चात उधम ब्यबशाय संचालन गर्न समुहले ५ जना महिलाहरुलाई छनोट गरेको थियो । जस मध्ये शेल धापु महिला समुह वडा नं ९ आशा विकले ६० वटा स्थानीय कुखुरा खरिद गरी पोल्ट्री फर्म शुरु गरेकीछिन । छ महिना पश्चात उनले त्यस ब्यबशायबाट ५० हजार नाफा कमाईन । यसैगरि शिखरकी लीला कोलीले कुखुरापालन सुरु गरेपछि अहिले एक लाख अनुदान पाएकी छन् भने शिखरकी सीता ताम्राकारले टेलरिङ गरिरहेकी छिन् र सहयोगपछि ६ महिनामा उनले आफ्नो सिलाई पसलबाट ४० चालीस हजार आम्दानी गर्न सफल भएकी छिन ।



**३) महिला र दलितहरूमा डिजिटल साक्षरतामा सुधार**

- लक्षित समुदायलाई डीजीटल साक्षरताको ज्ञान सिप अभिबृद्धि गर्न प्रत्येक समुहमा डिजिटल साक्षरता अभियान नै संचालन गरियो । उक्त

अभियानमा दुबै पालिकाका ७८० महिलाले डिजिटल साक्षरताको आधारभूत अवधारणाका बारेमा जानकारी पाए। ८१ जना महिलाले आफ्नै घरेलु उत्पादन बेच्न फेसबुक पेज प्रयोग गर्दै आएका छन् भने भारतमा रहेका आफना श्रीमानलाई २९३ महिलाले कल गर्न सक्षम भएका छन। विभिन्न डिजिटल प्लेटफर्म सञ्चालन गर्न आधारभूत साइबर कानूनी प्रवधानवारे बारे १६५ महिलाहरु सचेत भएका छन्।

- दुबै पालिकाका ४९ जना प्रतिनिधि तथा कर्मचारीहरुले पालिकाको एपका साथै डीजीटल साक्षरताका विषयवस्तु र कानुनी प्रावधानका विषयहरुलाई आगामी दिनहरुमा विस्तार गरि लक्षित समुदायसम्म पुर्याउने प्रतिवद्धता जनाएका छन।

**ङ) कृषिमा आधारित बधुँवा श्रमको अन्त्य परियोजना**

कृषिमा आधारित बधुँवा श्रमिक समुहका प्रतिनिधिहरुको सहभागिताबाट एक संयूक्त राष्ट्रिय आन्दोलन मार्फत नेपालमा कृषिमा आधारित बधुँवा श्रमको अन्त्यको माग गर्ने, पुर्स्थापना कार्यक्रमहरुको सुनिश्चिताता गरी थप शोषणको रोकथाम गर्न सरकार तथा रोजगारदाताहरुलाई जवाफदेहि बनाउने उद्धेश्यले डोटी जिल्लाका २ नगरपालिका र एक गाउँपालिकामा यो परियोजना संचालित छ। तीनै पालिकाका १५ वडाहरुमा रहेका २८७ मुक्त हलियाका घरधुरीलाई लक्षित गरी संचालन भएको यस परियोजनाले वडातह, पालिका तह र जिल्लातहका मुक्त हलिया संगठनहरु र स्थानिय सरकारसंग समन्वय सहकार्य गरी आफना कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ। यसवर्षको निर्धारित योजना बमोजिम सम्पन्न गरिएका कार्यक्रमहरुबाट भएका उपलब्धिहरुलाई संक्षिप्त रुपमा यस प्रकार उल्लेख गरिएकोछ।



**१) कृषिमा आधारित बधुँवा श्रमिक समुहका प्रतिनिधिहरुको सहभागिताबाटबधुँवा श्रमको अन्त्यको माग गर्ने, पुरनस्थापना कार्यक्रमहरुको सुनिश्चितता गरी थप शोषणको रोकथाम गर्न सरकार तथा रोजगारदाताहरुलाई जवाफदेहि बनाउने।**

- मुक्त हलियाको सवाललाई सशक्त रुपमा उठान गर्न वडातहमा विभन्न समुहहरु गठन गरिएको छ भने पालिका तहमा संजालहरु गठन भएका छन। यसै गरी जिल्ला तहमा राष्ट्रीय मुक्त हलिया समाज संग सहकार्य गरि मुक्त हलियाको सवाललाई वडा तह देखि जिल्ला तह सम्म सशक्त रुपमा उठाउन मद्धत पुगको छ। समुह संजालको नियमित बैठक, अन्तरक्रियाले समुहका सदस्यहरु आफना सवालहरु जुनसुकै ठाउमा पनि उठाउन सक्षम भएका छन। अहिले उनिहरु आफनो घरआँगन देखि वातावरण सरसफाइ गर्ने, वालवालिकाको शिक्षाका लागि भर्ना अभियानमा संलग्न हुने, मुक्त हलिया समुहलाई पालिका तथा वडामा सूचिकृत गर्ने र स्थानिय सरकार र सरकारका निकायहरुमा स्रोतको दावी गर्न सक्षम भएका छन।
- यस वर्ष नेतृत्व तालिम पश्चात मुक्त हलियाका ४९ जना महिला र १५ जना पुरुषहरु विभिन्न उपभोक्ता सिमती, टोल विकास समिती, विधालय ब्यबस्थापन समिती, खानेपानी लगायतका सिमतीहरुको नेतृत्व गर्न सक्षम भएका छन।

**२) सरकार (संघ प्रदेश स्थानिय) संग आधारित बधुँवा श्रमको अन्त्य कानुनको अनुगमन र लागु अपराधिहरुलाई मुद्धा चलाउने तथा फीडितहरुलाई न्याय क्षतिपुर्ति तथा सेवामा पहुँच स्थापित गराउन बलियो नीतिगत ब्यबस्थाहरु बनाउन सहयोग गर्ने।**

- मुक्त हलियाका पक्षमा स्थानिय तहमा भएका नीतिहरुको समिक्षा, लेखाजोखा पश्चात तीनै पालिकामा कानुन विद, स्थानिय सरकार र राष्ट्रीय मुक्त हलिया समाज डोटीको पहल र ईडीसीको सहजीकरणमा मुक्त हलिया कार्यविधी, २०८० को ड्राफट तयार गरिएको थियो । ड्राफट कार्यविधिलाई वडा तह, पालिका तह र कार्यपालिकाको तहमा समेत छलफल र सहजीकरण गर्दै मुक्त हलियाका सवालमा सबै तहको साझा बुझाईको निर्माण गरी अन्तिम रुप दिईएको थियो । जसको परिणाम यसवर्ष दिपायल सलगढी नगरपालिका र सायल गाउँपालिकाले मुक्त हलिया कार्यविधी, २०८० लाई कार्यपालिकाबाट पास गरी राजपत्रमा समेत प्रकाशन गरिसकेका छन ।



- मुक्त हलियाहरुको माग सम्बोधन गर्न दिपायल सिलगढी नगरपालिकाले कार्यविधि पास गरे लगत्तै मुक्त हलियाको लागत संकलनका लागि रु एक लाख वजेट विनियोजन गरेको छ भने आफनो नीति तथा कार्यक्रममा पुनरस्थापनाका कार्यक्रमहरु समावेश गरेका छन । यसै गरी सायल गाउँपालिकाले मुक्त हलिया कार्यविधी २०८० लाई चरणवद्ध रुपमा कार्यान्वयन गर्ने गरी नीति तथा कार्यक्रममा समावेश गरि लागत संकलनका लागि रु ३ लाख वजेट विनियोजन गरेको छ ।




- यसवर्ष तीन पालिकाका ५०३ जना महिला र ६२ जना पुरुष गरी जम्मा ५६५ मुक्त हलियाहरुले राज्यले प्रदान गर्ने सेवा र प्रक्रियाका वारेमा जानकारी पाएका छन । सेवा र प्रक्रियाका वारेमा  जानकारी पाए पश्चात ५८ जनाले ब्यक्तिगत घटना दर्ता, १७ जनाले नागरिकता, २६ जना  वालवालिकाको जन्मदर्ता, १० जना जोडीले विवाह दर्ता र ५ जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सफल भएका छन ।
- सायल गाउँपालिका वडा न ४ डौडकी मुक्त हलिया परिवारकी महिलाले वडा कार्यालयको पहल र नेपाल रेडक्रस सोसाईटीको सहयोगमा घर मर्मतका लागि रु १५ हजार प्राप्त गरेकी छिन भने मुक्त हलियाका विपन्न १० घरधुरीले छाना ढाक्नका लागि त्रिपालहरु प्राप्त गरेका छन ।

**३) हलिया समुदाय विशेष गरि महिलाहरु परिचालन भै उनिहरुको हक अधिकार दाबि गर्न सशक्त हुनेछन कृषिमा आधारित श्रपमा उनिहरुको उत्थानशिलता बढाउने ।**


श्री सायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुदेखिगडा, डोटी
सुदुरपश्चिम प्रदेश, नेपाल

मुक्त हलिया पुनःस्थापना कार्यविधि, २०८०

- वडा पालिका र जिल्लातहका संगठनमा आवद्ध मुक्त हलियाका नेतृत्व तहमा रहेका महिला पुरुषहरुले विधमान कानुनी प्रावधानका विषयमा जानकारी पाएपछि उनिहरु जुनसुकै फोरममा आफना सवाहरु उठान गर्न सक्षम भएका छन । स्थानिय सरकारको योजना तर्जुमा प्रक्रियाका चरणहरुका वारेमा पनि उनिहरु जानकार छन भने उनिहरुले आयआर्जनका योजनाहरु बनाई पालिका तथा वडामा पेश गरेका छन । ५३ जना मुक्त हलियाहरुले प्रधानमंन्त्री रोजगार कार्यक्रममा पनि योजना पेश गरेका छन ।

- प्रवेशिका परिक्षा उत्तिर्ण गरेका मुक्त हलियाका वालवालिकाहरु मध्ये एक जना कृषि जेटीए र ३ जना ओभरसियरका लागि सिटईभिटीमा अध्ययन गररहेका छन । मुक्त हलियाका विधालय वाहिर रहेका ८ जना वालविलकाहरुलाई विधालय भर्ना गरिएको छ भने २०५ जना वालवालिकाहरु नियमित विधालय अध्ययन गरिरहेका छन ।



- हलिया परिवारका महिलाहरुले आयमुलक कार्य गरी वार्षिक रुपमा २० हजार देखि ३६ हजार सम्म आम्दानी गर्न थालेका छन जसले उनिहरुको जिविकोपार्जन र वालवालिकाको शिक्षा दिक्षामा सहयोग पुगेको छ ।
- दिपायल सलगढी नगरपालिकाले रोजगार सूचना केन्द्रको कार्यविधि कार्यान्वयन गरेको छ । रोजगारीका १५१ सूचनाहरु डीजीटल्लि प्रवाह गरिएको छ भने २५६ जनालाई प्रत्यक्ष भेटघाट समुह बैठक र विभिन्न कार्यक्रम मार्फत जानकारी गराईएको छ ।

**च) यूथ हव परियोजना**

- एक्शनएड नेपालको सहयोगमा संचालित यूथ हव परियोजना केआईसिंह गाउँपालिकामा संचालन भैरहेको छ । उक्त परियोजना अन्तरगत कार्यक्षेत्रका २५ जना यूवाहरु स्टेप डाउन तालिम प्राप्त गरेका छन । तालिम पश्चात सामाजिक अभियान्ताका रुपमा स्थापित भएका यूवाहरु अधिकारका विभिन्न सवालहरुमा पैरवी सहजीकरण र अगुवाई गर्न सक्षम भएका छन । खास गरि महिला अधिकार, गुणस्तरिय शिक्षा, वातवरणीय जोखिम र समाजका हानिकारक अभ्यासका अभियानहरुमा उनिहरुले अगुवाई गर्दै आईरहेका छन । जस्तै वालविवाह, यौन तथा प्रजनन स्वास्थ्य अधिकार, जातीय तथा लिंगक विभेद विरुद्धको अभियान, विधालयमा रेष्टरुम स्थापना र छाउपढी प्रथा विरुद्ध संचालन गरिएका अभियानहरुलाई उदाहरणको रुपमा लिन सकिन्छ ।

छ) **भुकम्प पिडीतहरुकोलागि न्यनो कपडा वितरणः**

केयर नेपालको सहयोगमा ईनस्ट र ईडीसी नेपालको संयूक्त साझेदारीमा डोटी जिल्लामा गएको भुकम्पका कारण पूर्विचौकी गाउँपालिकामा पुर्याएको क्षतिबाट संकट अवस्थामा रहेका घरधुरीका १३५ परिवारलाई तत्काल जाडो महिनामा न्यानो कपडा वितरण गरी राहत उपलब्ध गराईयो । गाउँपालिकाको समन्वय र सहकार्यमा न्यानो कपडा वितरण पश्चात ५५ जनाको गुनासो समबोधन गरिएको थियो ।

**समन्वय र सहकार्य (Coordination and Collabration):**

| कार्यक्रम तथा परियोजना | मुख्य कार्य | के, कहाँ, कसरी, स्रोत | कहिले ? |
|---|---|---|---|
| स्थानिय अधिकार कार्यक्रम | • महिलाहरुको कार्यबोझमा कमी ल्याउन खानेपानी पाईप र मिल सहयोग | • पालिका तथा वडा संगको सहकार्यमा महिलाहरुको कार्यबोझमा कमी ल्याउनको लागी शिखर नगरपालिका वडा नं. १ र २ मा खानेपानी पाईपको सहयोग गरिएको छ । भने वडा नं. १० मा मिल स्थापना गरिएको छ । यसमा पालिका र सम विकास केन्द्रको संयूक्त लगानी रहेको छ । | २०७९ कात्तिक |

| | | | |
|---|---|---|---|
| | • वालिका मैत्रि शौचालय निर्माण<br><br>• विभिन्न दिवशहरुमा सहकार्य | • वालिकाहरुलाई महिनाबारी भएको भेला आराम गर्न र छुट्टै शौचालय प्रयोगको लागी वडा, विद्यालय र संस्थाको संयूक्त लगानीमा वालिकामैत्रि शौचालयय निर्माण कार्य सुरु भएको छ ।<br><br>• जिल्लामा समान चासो राख्ने संघ संस्थाहरुको सहकार्यमा सम्पन्न गरिएको छ । | २०८० जेठ<br><br>मार्च र नोभेम्बर |
| द महिला नेटवर्क | • महिला मैत्रि हाट बजार स्थापना<br><br>• महिलाहरुको कार्यबोझमा कमि हुने खाले कार्यक्रमहरुलाई पालिकाहरुले निती तथा कार्यक्रममा समाबेश गर्नु ।<br><br>• कार्यबिधि निमार्ण , म्बथ अभभिदचबतष्यल | • के आई सिं गा पा मा महिलामैत्रि हाट बजार सम बिकास केन्द्र नेपाल र के आई सिं गा पा को आर्थिक सहयोगमा स्थापना ( सम बिकास केन्द्र १५ लाख र गा पा ३ लाख)<br>• के आई सिं गा पा ७ र शिखर न पा २ मा खाने पानी टंकि तथा धारा जडान ( सम बिकास केन्द्र १ लाख र वडा कार्यालय ५० हजार)<br>• शिखर न पा १० मा कुटानी पिसानी मिल सहयोग (सम बिकास केन्द्र ३ लाख र शिखर न पा २ लाख )<br>• दि सि न पा ५ पुन्नामा खाने पानी टंकि र धारा जडान (सम बिकास केन्द्र ३ लाख दि सि न पा वडा नं ५ १ लाख )<br>• रेफरल गाइड लाइन ( सम बिकास केन्द्र ५० र गा पा १० हजार )<br>• महिला मैत्रि हाट बजार संचालन कार्यबिधि ९ ल्यल अयकत ०<br>• श्रमिक अनुगमन संयन्त्र कार्यबिधि ९ ल्यल अयकत ०<br>• | • सन २०२२ अक्टुबर देखि हाल सम्म<br><br>• सन २०२१ देखि २०२२ डिसेम्बर सम्म<br>• सन २०२२ डिसेम्बर<br>• सन २०२३ मार्च देखि हाल सम्म |
| पहुँच परियोजना | • विश्व वातावरण दिवस र अन्तर्राष्ट्रिय महिला दिवस समारोह<br><br>• अन्तर्राष्ट्रिय जातीय भेदभाव दिवस | • केआई सिंह पालिका र सिखर नगरपालिकाले EDC का विभिन्न कार्यक्रम जस्तै LRP, EABL सँगको संयुक्त लगानीमा स्रोत र अन्य स्रोत जुटाएर पालिका र विभिन्न निकायहरु गठन गरी विभिन्न कार्यक्रम गर्नका लागि र्‍याली, देउडा साँस्कृतिक कार्यक्रम लगायतका कार्यक्रमहरु गर्ने गरेका छन् ।<br>• जिल्लास्तरका सरोकारवालासँगको समन्वयमा इडिसीका विभिन्न कार्यक्रम FEDO र DCC र दिपायल सिलगढी नगरपालिकाको संयुक्त समन्वय र सहकार्यमा र्‍याली तथा अन्तरक्रिया लगायतका कार्यक्रम गरी मनाइँदैछ । | June 5 2023<br>March 8 2023<br><br>March 21 2023 |
| कृषिमा आधारित बधुँवा श्रमको अन्त्य परियोजना | राहत वितरण | दलित महिला संघ फेडोको समन्वयमा दिपायल सलगढी नगरपालिका वडा ६ र शिखर नगरापालिका ६ का मुक्त हलियाका परिवारको छनोट गरी राहत वितणमा सहयोग स्रोतः फेडो | २०८० अषाढ |

| | | | |
|---|---|---|---|
| न्यानो कपडा वितरण | राहत वितरण | केयर नेपालको सहयोगमा ईनसेट र ईडिसीको सहकार्य र गाउँपालिकाको समन्वयमा दिपायलबाट पूर्विचौकीका भुकम्प पिडीतलाई राहत वितरण। | |

**प्रभाव र सफलताको कथा (Impact and Beneficiries Stories)**

**स्थानिय अधिकार कार्यक्रम**









**सिकाई (Learnings)**

| हामीले गरेको कार्य वा प्रक्रिया | सिकाई के भयो ? | यो सिकाई कसरी भयो ? ( विस्तृत सिकाई प्रक्रिया उल्लेख गर्ने) | के गरेको भए अझै राम्रो हुने थियो? र आगामी दिनमा फरक तरिकाले के गर्न सक्छौं ? |
|---|---|---|---|
| छाउपडी प्रथा सम्वन्धि सचेतना अभियान | समुहमा छाउपडी प्रथाको बारेमा छलफल गर्दा समुदायकै छाउपडी प्रथा नमान्ने महिलाहरुबाट सहजीकरण गर्दा परिवर्तन गर्न सहज हुने । | समुहमा छलफलगर्दा अलि उमेर बढि भएका महिलाहरुलाई जती सम्झाई बुझाई गर्दा पनि परिवर्तन गराउनु समस्या भएको हुदा महिला बाट नै यसको बारेमा बोल्न लगाउदा राम्रो हुने देखिएको छ । | छाउपडि प्रथा बारेमा अझै विस्तृत रुपमा बुझ्नको लागी घरदैलोमा नै गएर बुझ्न सकियो भने अझै राम्रो हुन्छ । |
| घुम्तिकोष परिचालन | समुहमा युवा नेतृत्व बढाउनमा पहल गर्नु पर्ने जसले गर्दा स्वरोजगार हुन सहज हुने । स्थानिय तहहरुद्वारा घुम्तिकोषमा बजेट बिनियोजन गर्नमा पहल गर्ने अथवा समुहलाई सकिय बनाउने । | युवाहरु व्यवसायमा संलग्न हुदा स्वरोजगार पनि सिर्जना हुने र व्यवसाय पनि दिगो हुने देखिएको छ । | स्थानिय तहलाई पनि समुहमा घुम्तिकोष स्थापनाको लागी आवश्यक पहल गर्नु पर्ने देखिन्छ । आगामी दिनहरुमा यसलाई सहकारीको माध्यम बाट पनि कार्यक्रम अगाढी बढाउन सकिन्छ । |

**सुधार गर्नुपर्ने पक्षः**

- वालिकाहरुले विद्यलायमा प्रयोग भएको प्याडहरु डिस्पोजल गर्ने ठाउ बनाउन स्थानिय तह संग पहल गर्नु पर्ने ।
- घुम्तिकोष परिचालन निर्देशिकालाई पुर्ण रुपमा कार्यान्वयन गर्न पहल गर्नु पर्ने ।
- धेरै समय सम्म कार्यक्षेत्रमा नै बस्ने युवाहरुलाई अभियानमा संलग्न गराउनु पर्ने ।
- सहयोगलाई एक द्धार प्रणाली बाट अगाढी बढाउनु पर्ने ।

**द महिला नटवर्क परियोजनाः**

**परिवर्तनको कथा**

## “लक्ष्मीको जीवनमा आएको परिवर्तन”

श्रीमानको मृत्यु पश्चात आफुले पनि मृत्युको बाटो रोजेकि लक्ष्मी बि क अहिले सफल व्यवसायिको रुपमा स्थापित भएकि छिन । अहिले लक्ष्मीले छोराहरुलाई बिद्यालय पठाउने र आफुले भने किरानापसल संगै मासु कटिङ व्यवसायलाई निकै हिम्मतका साथ अगाडि बढाएकि छिन ।

यहि दि सि न पा वडा नं ७ उडितोलामा घर भएकि वर्ष ३९ कि लक्ष्मी बि क बिपन्न, दलित परिवार कि एकल महिला हुन । ३५ वर्षको उमेरमा भारतमा काम गर्ने क्रममा हार्ट अट्याक जस्तो गम्भिर रोगका कारण उनका श्रीमानको मृत्यु भएको थियो । उनका श्रमिानको मृत्यु हुँदा लक्ष्मी श्रीमानसंगै भारतमा थिइन । २ वटा छोराहरुलाई भारत कै राम्रो बिद्यालयमा पढाई रहेकि लक्ष्मीको जीवन निकै सहज थियो । श्रीमानले निकै माया गर्ने, जाड रक्सी नखाने र होटलमा कमाएर ल्याएको दैनिक ७०० ज्याला लक्ष्मीको हातमा दिने गरेको हुँदा उनिहरुको पैसा बचत हुने गर्दथ्यो र भारतमा आन्नदमय जीवन बिताई रहेक थिए । बैंकमा जम्मा गर्न नसके पनि लक्ष्मीका श्रीमानले परिवारमा कुनै किसिमको अभाव हुन दिएका थिएनन । उनको परिवारमा सबै जना एक आपसमा हासीँ, खुसिका साथ रहेका थिए तर उनको यो खुसि धेरै वर्ष टिक्न सकेन । लक्ष्मीका श्रीमानको मृत्युसंगै उनिहरुको घर परिवारको सबै हाँसो, खुसिहरु हराएर गयो ।

श्रीमानको मृत्युको खबर सुन्दा लक्ष्मीलाई ५ दिन पछि होस आएको थियो । उनका श्रीमानको मृत्यु भएको १ महिना भएको थियो । लक्ष्मी अर्धबेहोस अवस्थामा रहेकि थिइन ।

लक्ष्मीको परिवारमा आर्थिक अभाव बढ्दै गयो । कुनै ठाउँमा काम खोज्न जाउ भने पनि बिश्व भरि नै माहामारीको रुपमा कोभिढको संक्रमण बढ्दै गयो । होटल व्यवसायहरु सबै बन्द भए । सबै नेपालीहरु घर फर्कन थाले तर लक्ष्मीसंग छोराहरु ल्याएर घर फर्कन १ पैसा थिएन । अर्काको देशमा मर्न दिनु भएन साचेर आफन्तहरुले उनि र उनका छोराहरुलाई नेपाल सम्म त पुऱ्याए । घर पुगे पछि १२ वर्ष अगाडि छोडेको पुरानो घर बाहेक उनिसंग केहि भएन । खानलाई एक दाना अन्न थिएन । छिमेकिहरुले खानलाई दिएको अन्नहरु २५ दिन सम्म त पुग्यो तर अब के खाने भन्ने चिन्ताले उनलाई पिरोल्न थाल्यो । गाउँमा कुनै काम पाएन सम्भावना थिएन खेति गरेर खानलाई आफुसंग जमिन थिएन । अरुको अधिंया गरेर खानको लागि पनि जमिन नपाए पछि उनले आफ्नो २ वटा छोरा सहित आत्महत्या गर्ने सोच बनाइन । उनको यो योजना छिमेकि ललिता बि क ले थाहा पाइन ।

ललिता सम बिकास केन्द्र नेपाल र एक्सनएड नेपालको सहयोगमा संचालित द महिला नेटवर्क परियोजना द्वारा गठन गरिएको प्रभात महिला समुह कि अध्यक्ष हुन । ललिताले समुहको अक्ष्यक्ष भई रहदा राम्रो नेतृत्वलिई रहेकि थिईन । उनले यो कुरा समुहमा राखिन । सुमहको बैठक प्रत्येक महिनाको ७ गते हुने गर्दथ्यो । समुहको बैठमा ७ गते हुने भएता पनि ललिताले सामाजिक परिचालकको सहयोगमा तत्काल बैठकको आयोजना गरिन । बैठकमा लक्ष्मीलाई पनि आमन्त्रण गरिएको थियो । ललिताले लक्ष्मीको काधमा हात राख्दै आफ्नो सबै पिडाहरु समुहमा राख्नको आग्रह गरिन । लक्ष्मी डराउदै ,रुदै आफ्ना सबै पिडाहरु भनिन । अन्तिममा लक्ष्मीले अब आफुसंग मर्नु भन्दा अरु बिकल्प नरहेको कुरा पनि सुनाईन । उनको कुरा सुन्दा एक छिन सबै जना भाबुक हुदै रोए तर मर्नु समस्याको सामाधान नरहेकोले केहि व्यापार व्यवसाय गर्नको लागि सुझावहरु दिए । आफुहरुले पनि पाएका पिडा र दुखहरु सबै जनाले त्यस बैठकमा सुनाए । समुहबाट घुम्तिकोष र टोकन सहयोग पाउनेबारे उनलाई जानकारी दिदै कुनै व्यवसायमा लाग्नको लागि सल्लाह दिए । आफुसंग पैसा भए किराना पसल र मासु कटिङ व्यवसाय गर्ने लक्ष्मीको सोच रहेछ तर आर्थिक अभावका कारण कुनै साहुले ऋण नपत्याए पछि उनले मृत्युको बाटो रोजेको थाहा पाई सके पछि समुहका सबै जनाले उनलाई व्यवसायमा सहयोग गर्ने निणर्य गरेर सामाजिक परिचालकको सहयोगमा व्यसायिक योजना बनाए । सोहि बमोजिम परियोजनाको सहयोगमा उनले किराना पसल व्यवसाय सुरु गरिन ।

२० हजार बाट सुरु गरेको उनको व्यवसायबाट एक महिनामा ३८ हजार आम्दानी भयो । लगानी कटाएर १६ हजार उनलाई फाइदा भयो । अब लक्ष्मीको हिम्मत बढ्दै गयो । उनले अब कुखुराको मासु गाउँमा धेरै खपत हुने र गाउँको मान्छे १ घण्टा टाढाको बाटो हिनेर जानु पर्ने अवस्थामा उहाहरुको सहजता र आफ्नो व्यापार पनि राम्रो हुने भए पछि उनले त्यो १६ हजारको ग्यास, सिलिन्डर, मासु काट्ने गर्सा र तारजु किनिन । उनले बजारबाट कुखुरा माग गर्न थालिन गाउामा नै कटिङ सुरु गरिन । मासु कटिङ र किराना पसल व्यवासायसंगै सुरु गर्दा उनको आम्दानी राम्रो हुदै गयो । उनले अर्का महिना दुबै व्यवसायबाट ३५ हजार आफ्नो खुद आम्दानी गरिन । लक्ष्मि खुसि छिन । अहिले छोराहरुलाई के गरि पढाएने, के खुवाउने भन्ने चिन्ता उनलाई छैन । उनले माषिक ४ हजार आफ्नो नाममा बैंकमा जम्मा गर्न थालेकि छिन । गाउँमा कसैलाई अफ्टेरो पर्दा उनले आफ्नो दुखहरु सम्झेर सहयोग गर्ने गरेकि छिन । अहिले उनिलाई एउटा सफल व्यवसायी रुपमा ुबैले चिन्ने गरेका छन । यस महिनामा मात्र तिज नजिकि दै गरेको हुँदा उनले आफुलाई ४२ हजारमा सुनको तिल्हरी बनाएकि छिन । श्रीमानको मृत्यु भए पनि अब आफ्ले छोराहरुलाई उच्च शिक्षा दिने उनको भनाई छ ।" अब म समाजको सामु एउटा उदाहरणिय आमा बन्न चाहन्छु । बुवाले छोराहरुलाई छोडे पनि म उनिहरुलाई उच्च शिक्षा दिने छु यो सबै हिम्मत मलाई समुहको सहयोगमा मिलेको हु । समुहले म जस्तै मर्नको बाटो रोजेका , कुनै ठाउँमा जाने बाटो नभए महिलाहरुको हितमा काम गर्ने गरेको छ । "

लक्ष्मी अहिले व्यवसायमा मात्र हैन । नेतृत्वको तहमा पनि निकै अगाडि छिन । उनले महिलाहरुलाई अगाडि बढ्नको लागि प्ररित गर्दै गरेकि छिन । हिंसामा परेका महिलाहरुलाई पनि उनले सहेर नबस्न आग्रह गर्ने गरेकि छिन ।

धन्यवाद

## परिवर्तनको कथा

आर्थिक अवस्था कमजोर हुँदा आफ्नै घरपरिवार तथा श्रीमानले हेला गरि घरबाट निकाल्नको लागि अनेक कोषिश गरेका सीताको परिवारले हाल उनलाई हरेक काममा सहयोग गर्ने गरेका छन । अहिले सीताले किराना पसल व्यवसायबाट राम्रो आम्दानी गरि समुदायमा एक सफल व्यवसायिको रुपमा स्थापित भएकि छिन ।

यहि दि सि न पा ५ बागठाटा घर भएकि सीता पार्कि किरण महिला समुहकि सक्रिय सदस्य हुन । के आई सिं गा पा ५ माइती घर भएकि उनको १८ वर्षको उमेरमा बिवाह भएको थियो । ६ भाई बहिनी र आमा बुवा गरि उनको ८ जनाको् परिवार थियो । बुवा आमा बुढो हुदै गए पछि घरमा कमाउने मान्छे कोहि भएन र बालबच्चाको पढाइ गर्न नसक्ने भए पछि सीताको १८ वर्षको उमेरमा दिपायल सिलगढी नगरपालिका वडा नं ५ बागठाटामा बस्ने २० वर्षिय दिपक कोली संग बिहे भयो । बिहे भएको एक वर्ष मै सीता आमा बनि सकेकि थिइन । दिपक साहुको गाडि चलाउने गर्दथे । गाढि चलाएको माषिक तलब १२ हजार थियो । त्यहि पैसा पनि तलब पाएको दिन रासन तथा श्रीमानले होटेलमा खाएको तिर्नमा ठिक्क गर्दथे । बिहे भएको ४ वर्ष भयो सीता २ वटा बच्चा कि आमा बनि सकेकि थिइन । परिवार सख्या बढ्दै गयो । छोरा छोरीलाई बिद्यालय पठाउने समय भैसकेको थियो । सीतालाई चिन्ता बढ्दै गएको थियो । यसै बिच सन २०२१ मा बिश्व भरि नै कोभिढ १९ को सक्रमण बढ्दै गयो । बिश्वको नै आर्थिक अवस्था खस्कदो क्रममा थियो व्यापार व्यवसायहरु बन्द हुदै गए । यसै समयमा सीताका श्रीमानले काम गर्ने गाडि साहुले बिक्री गरि दिए । सीताका श्रीमान घर मै बेरोजगार भएर बस्नु पऱ्यो । सीता भन्नु हुन्छ “त्यहि महिनाको १२ हजारले रासन भर्न त मिल्थ्यो अब त्यो पनि बन्द भयो । अब आफुले के खाने छोरा छोरीलाई के खुवाउने भन्ने चिन्ता बढ्दै गयो । खेतिपाती गरेर खानको लागि आफु संग जमिन थिएन । काम नभएर घर बस्दा मेरा श्रीमान बिग्रदै गए । बाहिरी देशबाट कोभिडको कारण घर फर्केका सबै जना दिन भरि भट्टीमा जाने तास खेल्ने, रक्सी खाने गर्न थाले । घरमा रक्सी खाएर मलाई कुटपिट समेत गर्न थाले ,बचन लगाउन थाले, उनले भन्थे घरमा म कमाउने नहुदा त सबै लथालिंग भयो तेरो काम छैन मेरो घर छोडेर गए हुन्छ भन्न थाले । सासु ससुराहरुले पनि बुहारीले बसि बसि मात्रै खान्छे । छोराको कमाई नहुदा मेरो घर बिचल्ली भयो । अब तैले घर छोडेर माइत गए हुन्छ भन्ने जस्ता कुराहरु राख्ने थाले । श्रीमान र सासु ससुराहरुको दिन दिनैको पिडा सहन नसकि मैले माइती घरमा जाने सोचे तर माइती घरमा पनि बुवा आमाको अवस्था कमजोर हुदा अब जाने बाटो कहि छैन मैले मर्नु पर्छ सोचेको समयमा हाम्रो किरण महिला समुहकि अध्यक्ष काली बि क ले मलाई हिम्मत र सल्लाह दिईन । उनले भनिन आफु त मरेर जान्छस तर बालबच्चाको अवस्था के हुन्छ भन्दा म झस्किए । त्यस पछि मैले उहाको सल्लाह अनुसार किरना पसल व्यवसाय गर्ने निधो गरे । काली बि क ले पनि समुहको घुम्तिकोषको सहयोगमा किराना पसल व्यवसाय गर्नु भएको थियो । उहाको राम्रो अवस्था भएको हुदाँ मैले पनि यो व्यवसाय सुरु गर्ने निधो गरे ।”

सीताले कालि बि क को सहल्लाहमा घुम्तिकोषबाट ३० हजार सहयोग प्राप्त गरिन र आफ्नै घरको एउटा कोठा सामानहरु व्यवस्थित ढंगले राखिन । उनले सामान्य रुपमा आफ्नो पसलमा पाइने सामानहरुको बारेमा समुदायमा प्रचार प्रसार गरिन । बजार गाउँ भन्दा निकै टाढा भएको हुँदा उनको पसलबाट राम्रै व्यवसाय हुन थाल्यो । उन व्यवसाय सुरु गर्दा सबै जनाले खिल्ली उडाउन गर्दथे । उनका श्रीमान र सासु ससुराहरुले व्यवसाय घाटामा गए आफुहरुले कुनै प्रकारको पनि सहयोग नगर्ने भनेका थिए तर सीताको व्यवसाय राम्रो हुदै गयो । उनले पसल सुरु गर्दा २५ हजारको सामान राखेकि थिइन तर उनको एक महिनामा ५८ हजारको कारोबार भयो र लगानी कटाएर उनले २६ हजार कमाइन । उनको खुसिको सिमा थिएन । सीताले व्यवसायलाई थप गर्दै गईन परियोजनाद्धारा पनि उनले व्यवसायिक सिप बिकास गर्ने तालिम प्राप्त गरिन । सीतालाई थप फाइदा पुग्यो । “पहिले घरबाट निस्केर जा भन्ने श्रीमान र सासु ससुरा अहिले घरको सबै काममा मलाई सहयोग गर्नु हुन्छ । मैले किराना पसल व्यवसायबाट राम्रो आम्दानी गर्न थाले पछि छोरा छोरीहरुलाई बिद्यालय पठाए । सासु बिरामि हुदा लागेको १६ हजार ऋण पनि तिरे अहिले सासुले भन्नुहुन्छ छोराहरुले नतिरेको ऋण बुहारीले छोरा भइ तिरीन । यसरी अहिले उहाहरुले म तालिम गोष्टिहरुमा जादा पसल हेरी दिने र खाना बनाई दिने कामहरुमा सहयोग गर्ने गरेका छन र माया पनि गर्नु हुन्छ । श्रीमानले पनि बजारबाट सामान ल्याई, छोराछोरीहरुको रेखदेख गरि दिने काममा सहयोग गर्नु हुन्छ । समुहको सहयोगमा मेरो जस्तो कोभिडबाट अलपत्र परेको समुदायका महिलाहरुले गाईपालन, बाखापालन, बंगुरपालन जस्ता व्यवसायमा संलग्न रहेर जिबिका चलाई रहेका छन । ” पारिश्रमिक दिने काममा महिलाहरु संलग्न नरहेका कारण उनिहरु बढि हिंसामा पर्ने र पारिश्रमिक पाइने काममा

संलग्न रहदा उनिहरुको मान सम्मान बढ्ने भन्ने कुरा सीताले पुष्टि गरेकि छिन । हाल उनि जस्तै अरु महिलाहरु पनि सानाखाले व्यवसायमा संलग्न रहन थालेका छन । उनि अहिले एक सफल व्यवसायिको रुपमा परिचित छन ।

**सिकाई (Learnning)**

- समुदायमा बिकृति बिरुद्ध संलग्न व्यक्तिहरुलाई सम्मान र प्रशंसा गर्दा अन्य समुदाय र सरोकारवालाहरुमा सकारात्मक प्रभाव पर्ने ।

**सुधार गर्नुपर्ने पक्षः**

- कृषि तथा गैरकृषि उत्पादनमा जोड, निर्देशिकाको कार्यान्वयनमाजोड
- स्थानिय तहसंग समन्वय र सहकाय  कृषकहरुलाई अर्गानिक उत्पादनमा जोड्, सिप बिकास, आवश्यक सामाग्री सहयोग
- समुदायमा यसको व्यापक प्रचार प्रसार ,स्थानिय तहलाई जवाफदेहि बनाउनमा सहयोग र सिप बिकास
- समुहको लेखा व्यवस्थापनमा सहयोग , समुहका पदाधिकारीहरुको क्षमता बिकास

**पहुँच परियोजना**

**सफलताको कथा**

**Economic Empowerment Establish as local poultry form honour.**

Dudhadhari women group member Lila Koli of Shikhar Municipality 10 Badekhola was attached on Dudha Dhari women group. After attached on group she have been develop Individual skill about right and entitlement s including aware on climate change issue. She  have some local chicken on own house for rearing individual purpose .After group decision  and her individual willingness she selected as  as fund to small entrepreneur form PAHUCH Projects .She has taken as RS 20000  from token support project .After that they  purchases chicken from above amount manage  sheds self. After 4 months she got 1 lakhs from selling chicken. Now she has been developed as new entrepreneur at local level. She pay back her loan and admitting his son in boarding school.



*लिला कोली शखर नगरपालिका १०*

सिकाई **(Learning)**

| हामीले गरेको कार्य वा प्रक्रिया | सिकाई के भयो ? | यो सिकाई कसरी भयो ? (विस्तृत सिकाई प्रक्रिया उल्लेख गर्ने) | के गरेको भए अझै राम्रो हुने थियो? र आगामी दिनमा फरक तरिकाले के गर्न सक्छौं ? |
|---|---|---|---|
| Community orientation on Gender based violence and legal provisions | Under the Community Police Partnership Program, by coordinating with the local municipality and the police, women can be oriented towards social gender based violence and legal provisions. | Joint venture activities with law implementing bodies and LGs play crucial role to minimize such issue at local level. | We will coordinate with palkia judicial committee and local police unit to go mass campaign against it. |

| | | | |
|---|---|---|---|
| Orientation through Chhalphal Chautari about climate change activities | If we discuss on Chhaphal Chautari climate change theme support small mitigation measure support from projects which was reliable and sustainable | Knowledge Information sharing was not relevant at Present context .We include small mitigation measure from project side it was benefitable and palika also support different joint venture activities. | In next time we include small mitigation activities related to climate change linked with awareness activities which was reliable and relevant and present context. |

### सुधार गर्नुपर्ने क्षेत्र

- आगामी दिनहरूमा स्थानीय सरकारहरूसँगको सहकार्यमा समुदायमा जलवायु परिवर्तनसम्बन्धी न्यूनीकरण तथा अनुकूलन कार्यहरू सम्पन्न गर्नु पर्ने।
- वकालत योजना तर्जुमा गरी सामुदायिक स्तरमा विशेष मुद्दामा कार्यान्वयन गर्नुपर्ने।

**कृषिमा आधारित बधुँवा श्रमको अन्त्य परियोजना**

**सफलताका कथा**

**संघर्ष गर्दा गर्दै नेतृत्व तहमा पुगिन कल्पना** ................

संघर्ष गरेर गरेर महिला नेत्री नामले परिचित सायल गाउपालिका ४ डौड घर भएकि कल्पना नागरी को परिवारमा २ छोरा सासु ससुरा श्रीमान र आफुगरी ६ जनाको परिवार छ। कल्पनालाई अहिले ३० वर्ष पुग्यो। उनको माइती घर सायल गाउपालिका वडा नं. ५ सुण्डमा पर्दछ। परिवारको आर्थिक अवस्था कमजोर रहेको र भाई बहिनाहरु धेरै भएको कारण उनले उच्च शिक्षा पढ्न पाइनन् त्यस माथि छोरीहरुलाई घर भन्दा बाहिर पढाउने चलन डोटी जिल्लामा कम थियो।

**पानाको जीवनमा आएको परिवर्तन**.....................

आजभोली आफु र छोरा, छोरीको लागि केहि आवश्यक सामान किन्नको लागि न त साहुको घरमा जाने गरेकि छु न त श्रीमानलाई माग्नु परेको छ। जे चाहिन्छ धुक्कका साथ किन्ने गरेकि छु। यसका साथै प्रत्येक महिनाको २ हजार रुपैया मैले बैंकमा जम्मा पनि गर्छु।
